चट्याङको समयमा सतर्क रहौं ।
चट्याङबाट बच्ने उपायः
- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ ३२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 15 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८५

## विश्व रक्तदाता दिवसमा सम्मान, रक्तदान र उत्प्रेरणा
## खेर जाने रगत दान गरौं -नगरप्रमुख सिंह

प्रस, वीरगंज, ३१ जेठ/

विश्व रक्तदाता दिवस वीरगंजमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ। प्रत्येक वर्ष जून १४ अर्थात् असार ३१ गते विश्व रक्तदाता दिवस मनाइने गरिन्छ । दिवसको अवसरमा ब्लड डोनर्स एशोसिएशन, पर्साले सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।




राणीसती अतिथि सदनमा आयोजित सम्मान कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख राजेशमान सिंहले रक्तदान गरेर अरूको जीवन बचाउन सकिने तर रक्तदान नगर्दा शरीरको रगत त्यत्तिकै खेर जाने बताए । उनले ९० दिनको अवधिमा सामान्य मानिसले रक्तदान गर्न सक्ने र यो रगत शरीरमा त्यत्तिकै रक्तदान नगर्दा पनि खेर जाने हुँदा रक्तदान गर्नुपर्ने बताए ।

रक्तदान गर्नेहरूको स्वास्थ्य अवस्था सुदृढ हुने र आफूले पनि रक्तदान गर्दै आएको बताए। उनले स्वस्थ अवस्थाका १८ वर्षमाथि र ६० वर्षमुनिका सबैलाई रक्तदान गर्न आग्रह गरे। घरपरिवारका सदस्यहरू बिरामी पर्दा पनि रगत नदिनेहरू हाम्रै समाजमा भएको भन्दै उनीहरूलाई पनि रक्तदान गर्न उत्प्रेरित गर्नुपर्ने सुझाव दिए । उत्प्रेरणा कार्यक्रमको लागि महानगरले सहकार्य गर्ने उनले बताए ।

कार्यक्रममा सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्यासुद्दीन ठकुराई, रेडियो वीरगंजका अध्यक्ष ध्रुव साह, नेगेटिभ रक्त समूहका निशान्त लामिछाने, मानवसेवा आश्रमका दिवेश मानवसेवालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

ब्लोदान, पर्साका अध्यक्ष शत्रुघ्न नेपालको अध्यक्षतामा भएको कार्यक्रममा २०७९ वैशाखदेखि चैतसम्म सय पिन्ट



तस्वीरः प्रतीक

रक्तदान गर्ने २३ वटा संस्था, सोही अवधिमा दुईपटक वा सोभन्दा बढी रक्तदान गर्ने सङ्घसंस्था, आकस्मिक रक्तदान गर्ने २९ जना रक्तदाता, २३ जना दुर्लभ रक्तदाता, प्रत्येक तीन/तीन महीनामा रक्तदान गर्ने पाँचजना स्वयंसेवी रक्तदाता र रक्तदान कार्यक्रममा जूस सहयोग गर्ने डाबर नेपाल, आर्थिक तथा भौतिक सहयोग गर्ने सञ्जु साह, रामबाबू सिंहलगायतलाई सम्मान गरिएको थियो। कार्यक्रममा ब्लोदानका सदस्य शिवजी गुप्ताले स्वागत र सचिव अरविन्द सिंहले सहजीकरण गरेका थिए ।

यसैबीच, नेपाल रेडक्रस सोसाइटी, पर्साले उपशाखाहरूको सहकार्यमा बहुदरमाई नगरपालिकाका दुई स्थानमा विश्व रक्तदाता दिवसको अवसरमा उत्प्रेरणा कार्यक्रम सम्पन्न गरेको छ। नेरेसो, भौराटारका अध्यक्ष काशी साह र गम्हरिया शाखाका अध्यक्ष मौलाद्दीन मियाँको अध्यक्षतामा भएको उत्प्रेरणा कार्यक्रममा नेरेसो पर्साका सभापति वीरेन्द्रराज कँडेल, रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डे र नेरेसो उपशाखा रेशमकोठीका लालबाबू सिंहले रक्तदानसम्बन्धी सहभागीहरूलाई तालीममार्फत सचेत गराएका थिए ।

**तीनवटा संस्थाद्वारा रक्तदान**

विश्व रक्तदाता दिवसको उपलक्ष्यमा पर्सा र बारामा तीनवटा संस्थाले रक्तदान कार्यक्रम सम्पन्न गरेका छन् ।

नेरेसो पर्सा शाखाले रक्तसञ्चार केन्द्र वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रममा १६ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।

यसैगरी, नारायणी वयोधा मेडिसिटी अस्पतालले आयोजना गरेको रक्तदान कार्यक्रममा सातजना महिलासहित ४१ जनाले रक्तदान गरेका प्राविधिक धीरेन्द्र झाले बताए ।

यसैगरी, बाराको छातापिपरामा सौरभ फूड कन्सर्नले आयोजना गरेको रक्तदान कार्यक्रममा २९ जनाले रक्तदान गरेका थिए ।

## व्यवसायी लोभ्याउन कन्करले कोलकाताबाट मालगाडी चलाउने

प्रस, परवानीपुर, ३१ जेठ/

१६ वर्षदेखि वीरगंज महानगर-२५ आयातकर्तालाई लोभ्याउने गतिविधि शुरू गरेको छ। लागि साप्ताहिक मालगाडी चलाउने निर्णय गरेको जनाएको छ। यसअघि


श्रीसिया सुक्खा बन्दरगाह र इनसेटमा (बायाँ अतुल शर्मा, दायाँ माधव राजपाल)। तस्वीरः प्रतीक

श्रीसिया सुक्खा बन्दरगाहमा आधिपत्य जमाएको भारतीय कन्टेनर निगम लिमिटेड (कन्कर)ले अहिले नेपाली

सोमवार साँझ कन्करले एउटा विज्ञप्ति जारी गर्दै कोलकाता बन्दरगाहबाट सुक्खा बन्दरगाह वीरगंजको साप्ताहिक रेल अनियमित गर्दै आएको कन्करले व्यवसाय कम पाउन थालेपछि

(बाँकी अन्तिम पातामा)

## विन्ध्यवासिनीमा बर्थिङ सेन्टर छैन तर लाखौंको सामान खरीद

प्रस, वीरगंज, ३१ जेठ/

विन्ध्यवासिनी गाउँपालिकाभरिमा एउटा पनि बर्थिङ सेन्टर छैन तर बर्थिङ सेन्टरका लागि आवश्यक लाखौं मूल्यका सामान खरीद गरिएको छ। यी सामान चालू वर्षको लागि मात्र खरीद भएको होइन, प्रत्येक आवको वार्षिक बजेटबाट खरीद हुँदै आएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ ।



तस्वीरः फाइल

महालेखापरीक्षकको कार्यालयले हालै जारी गरेको अडिट रिपोर्टमा बर्थिङ सेन्टरका लागि पाँच लाख मूल्यबराबरको न्यानो झोला खरीद गरी गोदाममा थन्क्याइएपछि सो रकम बेरुजू मात्र हैन, भ्रष्टाचारको सीमा नाघेको जनाइएको छ ।

सो गापाले प्रत्येक आर्थिक वर्षमा न्यानो झोला खरीद गर्दै आएको स्वास्थ्यकर्मीहरूले बताएका छन्। विन्ध्यवासिनी गापाबाहेक पर्साका १३ वटै पालिकामा बर्थिङ सेन्टर सञ्चालनमा छन् । जनप्रतिनिधिहरूको लापरवाहीका कारण हालसम्म विन्ध्यवासिनी गापामा बर्थिङ सेन्टर सञ्चालनमा आउन नसकेको बताइन्छ।

मालेपको प्रतिवेदनले सो गापामा २० करोड सात लाख ७७ हजार बेरुजू देखाएको छ। प्रतिवेदनमा श्यामबाबू साह २०७८/६/१ देखि २०७८/९/१० सम्म, अमित गिरी २०७८/८/१८ देखि २०७८/११/१० सम्म तथा २०७८/११/१ देखि २०८० जेठ २५ गतेसम्म राजु साह प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत थिए। जनप्रतिनिधिहरूले दबाब दिएको बहाना बनाइ कर्मचारीहरूले कमिशनका लागि फलदायी योजनालाई पाखा लगाइ वितरणमुखी योजना बनाएर दुई करोड ८० लाखबराबरको १७३ थान सिलाइ मेशिन, ४०१ वटा चापाकल, तीन सयवटा ग्याँस सिलिन्डर २०७८/१२/२४ गतेदेखि खरीद गरी वितरण गरेकाले सो रकम पनि बेरुजू देखाउँदै मालेपले रकम असुल गर्न भनेको छ ।

नियम अनुसार सो गापाले १९ लाख बराबरको इन्धन खर्चिनुपर्नेमा ३३ लाख ९४ हजारको इन्धन खरीद गरेकोमा सचेत गराएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कागजमा सीमित

प्रस, निजगढ, ३१ जेठ/

कुनै बेला निकै चर्चामा आउने रोजगारलगायत माग सम्बोधन गर्नुपर्ने भन्दै सरोकार समितिमार्फत माग राख्दै वनजङ्गल कमभन्दा कम नोक्सान हुनेगरी विमानस्थल बनाउन सकिने सुझाव दिएको



निजगढ विमानस्थल निर्माण गरिने क्षेत्रको बीच भागमा पर्ने टाँगियाबस्ती। तस्वीरः प्रतीक

निजगढमा बन्ने अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको आवाज सरकारका तर्फबाट मलिनो हुँदै गएको देखिन्छ ।

सङ्घीय सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, बस्ती स्थान्तरण, मुआवजा वितरण, जग्गा संरक्षणलगायत पूर्वतयारीका कार्यका लागि बजेट छुट्याएको र लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाइने जनाएपछि विमानस्थल निर्माण हुने कि नहुने द्विविधा हटे पनि निर्माण कामको थालनी अझै भएको छैन ।

त्यसैगरी, मधेस प्रदेश सरकारको नीति तथा योजना आयोगमा प्रदेशभित्र सञ्चालित राष्ट्रिय गौरवका योजना, आयोजनाहरू सङ्घीय सरकारसँग समन्वय गरी अगाडि बढाउन जोड दिइनेछ भन्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई समेटेको छ । तर कामभन्दा हल्ला बढी हुने र यो कार्य पनि कागजमैं सीमित भइरहँदा टाँगियावासी बढी द्विविधामा छन् ।

विमानस्थल निर्माणका लागि टाँगियावासी बाधक नहुने तर राज्यले बस्तीको उचित स्थानान्तरण, आएका छन् ।

अहिलेसम्म विमानस्थलका लागि शिलान्याससम्म नभएकोले विमानस्थल बन्ने हो कि होइन भन्ने अन्योल उस्तै छ।

२०५१ सालदेखि विमानस्थल बन्ने हल्ला चलेको २९ वर्ष भयो। विगत १०-१५ वर्षयता कैयौंपटक नेता, मन्त्री, प्रधानमन्त्री र पटकपटक विज्ञ टोलीहरू आउनेजाने गर्छन्, टाँगियावासी भन्छन्।

तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको पालामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सरकारले चासोका साथ प्राथमिकतामा राखी पूर्वतयारीका कार्यहरू शुरू गरेको थियो।

विमानस्थल निर्माण गर्न रूख कटानसँगै वातावरण, पर्यावरण, वन्यजन्तु, चराचुरुङ्गीमा ठूलो असर पर्ने भन्दै विमानस्थल निर्माणविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो। रिटपछि सर्वोच्च अदालतको आदेश अनुसार नेपाल सरकारले विज्ञ टोली गठन गरी स्थलगत अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार पार्न लगाएको थियो । प्रतिवेदनमा निजगढमा बन्ने अन्तर्राष्ट्रिय विमानस्थलको विकल्प नभएकोले थियो ।

विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणको लागि १९ सय हेक्टर अर्थात् दुई हजार ८५० बिघा वन क्षेत्रमध्ये दुईवटा प्लट (१९१ हेक्टर जग्गा)मा नम्बरिङ, टयागिङ भएको र यसमा ३३ प्रतिशत रूख र अन्य पोल साइजका रूखबिरुवा रहेको डिभिजन वन कार्यालय, बाराले जानकारी दिइसकेको छ ।

काटगाउँ, ककरीलगायतका ११० बिघा तीन कट्ठा नम्बरी जग्गामध्ये ७० बिघा १९ कट्ठा नौ धुर चार कनवाको लागि रु ४७ करोड ७६ लाख मुआवजा तिरिसकिएको र बाँकीको लागि प्रक्रिया चलिरहेको छ ।

विमानस्थललाई नदीबाट सुरक्षाका लागि पसाहा खोलामा २,५९० मिटर लामो तटबन्ध गर्न २४ करोड २० लाख, बकैया खोलामा १,९०० मिटर लामो तटबन्ध निर्माण भइसकेको छ ।

विमानस्थल निर्माण क्षेत्रमा तारबार, तटबन्ध निर्माणका लागि हालसम्म रु ३९ करोड ९४ लाख खर्च भइसकेको छ भने अन्य पूर्वतयारीका लागि ७०

(बाँकी अन्तिम पातामा)

**विचारसार एवं सूक्तिहरू**

**मालीले बिरुवामा सधैं पानी हाल्छ, तर फल त मौसममा मात्रै लाग्छ । त्यसैगरी, तपाईं आफ्नो काममा धैर्यपूर्वक लागिरहनुहोस्, समयमा फल अवश्य नै पाइन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# रक्तदान गरौं

**विश्व रक्तदाता दिवस जून १४ (जेठ ३१ गते) मनाइएको छ। प्रत्येक वर्ष जून १४ का दिन यो दिवस मनाइने गरिन्छ। अङ्ग्रेजी र नेपाली संवत् अनुसार एकै दिन पर्ने यो दिवस विश्वव्यापीरूपमा मनाइने गरिन्छ। नेपालमा पनि यो दिवस विगत लामो समयदेखि मनाइँदै आएको छ । मानिसको शरीरमा दौड्ने रगत मानिसबाट नै आपूर्ति हुन्छ। अन्य कुनै जीवजन्तु, पशुपक्षीको रगत मानिसमा चढ्दैन । त्यसैले मानिसको लागि मानिसकै रगतको आवश्यकता पर्ने हुनाले रक्तदानलाई महादान भनिएको हो। एकजना स्वस्थ मानिसमा छ लिटर अर्थात् दश पिन्ट रगत हुन्छ। उमेर समूहले १८ वर्ष पुगेका र ६० वर्षमुनिका सबै स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छन् । रक्तदान गरेर शरीरमा रगत घट्ने होइन । रक्तदान गर्ने व्यक्तिको रगत ९० दिनमा सामान्य खानपिनबाट पुनः सञ्चय हुन्छ । एकजना मानिसले एकपटकमा ४७० एमएल रगत दान गर्न सक्छ र यो रगत दान गर्दा पुनः ९० दिनमा शरीरमा बन्ने गर्छ । रक्तदान नगर्ने व्यक्तिको पनि ४७० एमएल रगत ९० दिनपछि खराब हुन्छ, त्यसैले शरीरमा खराब हुने यो मात्राको रगत दान गर्दा स्वास्थ्यका लागि पनि राम्रो हुने र अरूको ज्यान बचाउनका लागि प्रयोग भएर दानी कहलिने भएकोले नै रक्तदान गर्नका लागि उत्प्रेरित गरिएको हो ।**

**रगतको जात, लिङ्ग, वर्ण, धर्म हुँदैन । सबै मानिसलाई रगत चाहिन्छ, त्यसैले आवश्यक परेकालाई दान गर्न सकिन्छ। रगतबाट मानिसको धर्म छुटिंदैन । न त लिङ्ग नै छुटिन्छ । विभिन्न कारणले रगतको आवश्यकता हुने व्यक्तिलाई सबै धर्म, सम्प्रदाय एवं लिङ्गका मानिसले रक्तदान गरेर सहयोग गर्न सक्छन् । त्यसैले रक्तदानलाई मानवीय धर्म भनिएको हो। महिलाहरूमा रजस्वला भएको अवधि, सुत्केरी, बालबालिकालाई दूध खुवाउँदै गरेको अवस्था र कुनै कारणवश एन्टिबायोटिक औषधिको सेवन गरेको बेलाबाहेक सबै महिलाले रक्तदान गर्न सक्छन् । त्यसैगरी, पुरुषहरूमा पनि दीर्घरोग लागेका, एन्टिबायोटिक औषधि सेवन गरेका, शरीरमा रगतको कमी देखिएका, वजनको हिसाबले ४५ किलोमुनि रहेकाबाहेक १८ वर्ष पुगेका र ६० वर्षमुनिका सबैले रक्तदान गर्न सक्छन् । पछिल्लो समयमा रक्तदान गर्ने मानिसहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ ।**

**ब्लोदान, रेडक्रस, सामाजिक सङ्घसंस्थाहरूको निरन्तर प्रयासबाट अहिले वार्षिक १४ हजार पिन्टसम्म पर्सा, बारा, रौतहट र सर्लाहीबाट रगत सङ्कलन भइरहेको छ । गत वर्षको यो तथ्याङ्कका बावजूद रक्तसञ्चार केन्द्रबाट सङ्कलित कुल रगतभन्दा १५ सय पिन्ट बढी रगत वितरण भएको छ। अस्पतालको सङ्ख्यामा वृद्धिसँगै रगतको माग पनि बढेको हो । रगत परीक्षणमा लाग्ने शुल्क मात्र लिंदा पनि अहिले प्रतिपिन्ट रगतको लागि रु एक हजार ५० तिनुपर्छ । पर्सा जिल्लाका कतिपय पालिकाहरूले सोबापतको रकमको व्यवस्था गरिदिएकाले उक्त पालिकाका मानिसहरूलाई निशुल्क रगत प्राप्त भइरहेको छ । यस प्रकारको व्यवस्था [redacted] जिल्लाहरूले पनि गरिदिने हो भने [redacted]श्यकता परेको बखत सहज, सरल [redacted] हुन्थ्यो। रगतको लागि बिरामीका [redacted] सामना गर्नुपर्दैन थियो। यो कुरालाई [redacted] नियमितरूपमा रक्तदान गरौं, गर्न [redacted]**

# अग्रजप्रति सम्मान : हाम्रो दायित्व

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**अहिले अग्रजको सङ्ख्या विश्वव्यापीरूपमा बढिरहेको छ। बिस्तारै जन्मदरमा आइरहेको कमीका कारण विश्वमा अग्रजको सङ्ख्या बढिरहँदा शिक्षामा पछाडि परेको तथा गरीबीले ग्रस्त समाजमा शिक्षित र धनी समाजभन्दा अग्रजप्रति व्यवहार असहिष्णु देखिएको छ।**

अग्रज र ज्येष्ठ नागरिकमा केही भिन्नता छ। कतिपय सन्दर्भमा सबै ज्येष्ठ नागरिक अग्रज हुन सक्छन् तर सबै अग्रज भने ज्येष्ठ नागरिक हुन सक्दैनन्। ज्येष्ठ नागरिकको सम्बन्ध कतिपय अवस्थामा उमेरसित रहेको छ भने अग्रजको सम्बन्ध उमेरले ज्येष्ठता पनि हुन सक्छ र पदले ज्येष्ठता पनि हुन सक्ने अवस्था हो । ज्येष्ठ र वरिष्ठ एउटै होइन तर सम्मानको दृष्टिकोणले विचार गर्ने हो भने दुवैमा खासै भिन्नता नहुन सक्छ। दुवै एकापसमा मिल्दै नमिल्ने पनि होइनन्। कहिलेकाहीं दुवै एकै व्यक्तिमा पनि देखिन सक्छन् वा कोही मानिस ज्येष्ठ पनि हुन सक्छ र वरिष्ठ पनि हुन सक्छ। विशेष अवस्थामा यसलाई मान्न सकिन्छ।

उमेरले पहिले जन्मेका पनि अग्रज हुन्। अग्रज शब्दले अझ विस्तारित अर्थ वहन गर्दछ। हामीभन्दा कोही पहिले जन्मे तर अहिले यस धर्तीमा छैनन्, तिनीहरू पनि हाम्रा अग्रज हुन्। अग्रजले ज्येष्ठताको अर्थ त दिन्छ नै, यो ज्येष्ठताले सीमितता होइन, असीमितताको पनि दर्शन गराउँछ। हामी आफ्नै पचासौं पुस्ता पहिले जन्मेकालाई पटक्कै चिन्दैनौं भने पनि तिनीहरू हाम्रा पुर्खा हुन्, हाम्रा अग्रज हुन्। अग्रजले वंशजमा हामीभन्दा पहिलेको अर्थ पनि दिन्छ । यसलाई पनि सर्वत्र मानिएको पाइन्छ। साथै हाम्रो वंशजमा नपर्ने तर हामीभन्दा उमेरले ज्येष्ठ रहेका सबै पनि हाम्रा अग्रज हुन् भन्ने मान्यता पनि रहेको छ।

अहिले परिवारको आकार सानो हुने क्रम बढेको छ । पहिलेको तुलनामा परिवारको आकार सानो हुने तथा परिवारमा सदस्य सङ्ख्या कम हुने क्रम निरन्तर बढिरहेको छ । पहिलेजस्तो संयुक्त परिवारको प्रथा कमजोर भइसकेको वर्तमान अवस्थामा मुख्यगरी परिवारमा अग्रजप्रति सम्मान घटेको छ। अग्रजप्रति परिवारजनमा हुनुपर्ने सद्भाव र सम्मानमा कमी आएको देखिएको छ। मानिस अति भौतिकवादी भएको छ। भौतिकवादले उसलाई तत्कालको फाइदा मात्र देखाएको छ। हार्दिकताको अभाव बनाइदिएको छ। यही हार्दिकताको अभाव देखिन्छ समाजमा। यसको प्रभाव परेको छ परिवारमा। परिवारमा अग्रजको वास्ता नगर्ने प्रवृत्ति बढिरहेकोले समाजको परम्परागत सम्मानको ढाँचा नै बदलिएको छ।

पहिले संयुक्त परिवार हुँदाको अवस्थामा घरका अग्रजको सम्मान फरक हुन्थ्यो । घरपरिवारमा मुख्य मानिस घरका ज्येष्ठ सदस्य वा अग्रज नै मानिन्थे। काम गर्ने अरू वा मुख्य आर्थिक स्रोत अरूमा निर्भर भए पनि मुख्य निर्णयजति सबै अग्रजकै नियन्त्रणमा रहन्थ्यो । समाजमा कोही कसैसित कुराकानी गर्दा, व्यवहार गर्दा अग्रजलाई नसोधिएको वा अग्रजले अझै आदेश वा निर्देशन दिन बाँकी रहेको भनी औपचारिकताका लागि भए पनि स्थान राखिन्थ्यो। अग्रजलाई पनि यस कुराको ध्यान हुन्थ्यो कि घरका मानिसहरूले यसरी चाहेका छन्, यसमा मैले यसरी गर्दा राम्रो हुन्थ्यो। अथवा, अरूका अगाडि यसरी भनिरहेको छ, मेरो अगाडि भन्न सजिलो मानिरहेको छैन । त्यसैले मैले नै यसलाई निर्णय गरेर दिनुपर्ने हुन्छ। यसरी घरपरिवारमा सम्मानको परम्परा रहेको थियो तर अहिले यो सम्मानको प्रवृत्ति र परम्परा बिस्तारै कमजोर हुँदै गएको देखिएको छ । कतिपय अवस्थामा अग्रजप्रति दुर्व्यवहार पनि बढिरहेको देखिएको छ।

कतिपय अवस्थामा घरपरिवारमा मेल नहुँदा र सन्तानले आफ्नो निर्णय लागू गर्न खोजेपछि अग्रजलाई चित्त नबुझेको अवस्थामा पनि दुर्व्यवहार हुने गरेको छ। आफ्नो कुरा जसरी पनि मान्नुपर्दछ र आफूले भनेको नमानेको कुरा सबैतिर भन्दै हिंड्दा पनि घरपरिवारमा केही समस्या भएको पाइएको छ। अहिलेका अग्रजले पहिले आफू मुख्य कमाउने पात्र भएको अवस्थाजस्तो, अहिले छोराहरू हुर्केर सबैतिर राम्रो गरिरहेको देख्दादेख्दै पनि छोराहरूमाथि अनावश्यक दबाब दिने, हैकम चलाउन खोज्ने तथा आफ्नो निर्णय बलजफ्ती लाद्न खोज्ने, छोराबुहारीले आफ्नो भविष्य र स्वार्थ हेरेर काम गरिरहेको अवस्थामा तिनको मनोभाव नबुझी आफ्नै ढिपीमा रहनेजस्ता प्रवृत्तिले पनि घरपरिवारमा केही हदसम्म अग्रजप्रति दुर्व्यवहारमा वृद्धि भएको कुरो यथार्थ हो । अझ कतिपय अग्रजलाई आफ्नो मान वा शान देखाउनुपर्ने हुन्छ। छोराबुहारीले सकून् कि नसकून्, तर आफूलाई चित्त बुझ्नेगरी आफ्नो धाक सबैका अगाडि लागू भएको हुनुपर्छ भन्ने ठान्दछन्। अझ कतिपय यस्ता अग्रज पनि छन्, जो चाहन्छन् कि छोराहरूले कमाएर मलाई दिऊन् र म आफ्नै किसिमले परिवारको हकहितको लागि खर्च गरूँ। यस्तो अवस्थामा पनि परिवारमा द्वन्द्व सिर्जना हुने गरेको छ।

अग्रज भनेको आफैंमा संस्कृतिका खानी हुन्। अनुभवका भण्डार हुन्। लामो जीवनयात्रामा धेरै कठिन चुनौतीको सामना गरेका हुन्छन्। कस्तो चुनौतीको सामना कसरी गर्ने भन्ने कुरो पनि बुझेका हुन्छन्। कपितय यस्ता सवालमा अग्रजको राय लिनु पनि पर्छ। फेरि सम्मान त हाम्रो संस्कार हो, संस्कृति हो, परम्परा हो। सम्मान गर्नेले सम्मान पाउँछ पनि। जसले सम्मान गर्न जानको छैन, उसले सम्मान पाउन पनि त्यति सजिलो हुँदैन। भन्नुको तात्पर्य अग्रज हुने पालो एक दिन सबैको आउँछ । हरेकले आफ्नो उमेर बाँच्नुपर्छ, बिस्तारै घरपरिवारमा, टोल र समाजमा अग्रज बन्दै गइन्छ । जानीजानी अग्रजको सम्मान नगर्नेले यही कुराको मनन गर्नुपर्छ कि अहिले जसलाई सम्मान दिन अप्ठ्यारो लागिरहेको छ, कुनै बेला समाजमा उनको कस्तो स्थान थियो। अहिले म यस्तो छु, भविष्यमा म यस्तै रहिरहने छु भन्ने होइन । समय परिवर्तनशील छ, समाज पनि निरन्तर बदलिरहेको छ । यस क्रममा मैले गर्ने गरेको व्यवहारको ब्याजसहित समयले असुल गर्छ।

अहिले अग्रजको सङ्ख्या विश्वव्यापीरूपमा बढिरहेको छ। बिस्तारै जन्मदरमा आइरहेको कमीका कारण विश्वमा अग्रजको सङ्ख्या बढिरहँदा शिक्षामा पछाडि परेको तथा गरीबीले ग्रस्त समाजमा शिक्षित र धनी समाजभन्दा अग्रजप्रति व्यवहारअसहिष्णु देखिएको छ । हुनत शिक्षा र चेतना बिस्तारै सबैतिर बढिरहेको छ तर शिक्षाले रोजगारको क्रममा घर छाडेर अन्यत्र जानुपर्ने प्रवृत्तिमा पनि निकै ठूलो विकास भइरहेको छ । यस अवस्थामा कतिपय अग्रजलाई आफ्नै गाउँ समाजभन्दा बाहिर गएर बस्न सकिने परिवेश मिल्दैन भने छोराछोरीलाई पुरानो थातथलोमा बस्न मिल्ने अवस्था हुँदैन। यहींनेर अग्रजप्रति सामूहिक सम्मान तथा सार्वजनिक सम्मानको आवश्यकता महसूस गरिएको छ । चाहेर वा नचाहेर पनि अग्रजले आफूलाई एक्लो महसूस गरिरहेको अवस्था छ। यस्ता कैयन उदाहरण छन्, जसमा बुबा नितान्त एक्लै घरमा बसिरहने तथा छोराछोरी र बुहारीहरू विदेशमा बसिरहनुपरेको छ। विदेशमा बस्नै नसक्ने र छोराबुहारी चाहिं स्वदेश फर्कन नसक्ने पनि देखिएको छ । सेवाटहलका लागि अरू मानिस घरमा राखिएको छ। तर अरूले गर्ने सेवामा छोराछोरीको अनुहार देख्न अग्रजलाई गाह्रै परिरहेको छ। यस्ता अनेक पीडा लुकाएर अग्रजले यो बुझ्नुपरिरहेको छ कि सन्तानले मलाई सम्मान गरिरहेको छ।

वास्तवमा अब समय आइसकेको छ कि अग्रजलाई कसरी बढी खुशी राख्न सकिन्छ र कसरी बढी सेवा तथा सुविधा दिन सकिन्छ भन्ने विषयमा गम्भीर चिन्तन होस् । हुनत राज्यले ज्येष्ठ नागरिकलाई जुन सम्मान दिने गरेको छ, त्यसले समाज र परिवारमा अग्रजको सम्मानमा वृद्धि भएको छ। अर्थले पनि व्यवहारमा फरक पारेको छ । ज्येष्ठ नागरिक भत्ताले सम्मानमा वृद्धि गर्दा यो पनि स्पष्ट हुन गएको छ कि आय नहुँदा अग्रजप्रति दुर्व्यवहार बढ्न सक्छ र आय हुँदा अग्रजप्रति सम्मान वृद्धि हुन्छ। आर्थिक पाटो एउटा विशिष्ट पाटोको रूपमा देखिएको छ । घरका अग्रजको आर्थिक उपार्जनमा कसरी बढी सहभागिता हुन सक्छ भन्ने विषय र पक्ष पनि एउटा कारक हुन सक्छ। सम्भव छ भने नियमित आय हुने शेयर खरीद वा यस्तै केही अन्य पक्षमा पनि समाजले ध्यान दिनुपरेको छ । साथै अग्रज सम्मानको नवीन परम्पराको खोजी गर्नु परेको छ । सरकारले पनि अग्रजलाई कसैले कुनै किसिमको दुर्व्यवहार नगरोस् भन्ने किसिमले व्यावहारिक कानून तर्जुमा गर्नु आजको आवश्यकता हो।

# प्रतिस्पर्धीहरूलाई उछिन्दै उन्नयनको बाटोमा भारतीय अर्थतन्त्र

नयाँ दिल्ली, ३१ जेठ/एएनआई

कोरोना महामारीका कारण थलिएको विश्व अर्थतन्त्र महामारीका अन्त्यसँगै उठ्ने प्रयासमा लागेका बेला भारतीय अर्थतन्त्रमा देखिएका आशाका किरण र भविष्यमा भारतले उज्ज्वल स्थान ओगट्न सक्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले गरेपछि भारतका निर्णयकर्ताहरूले सावधानीपूर्वक देशको अर्थव्यवस्थालाई चलायमान बनाउने प्रण गरे।

प्रधानमन्त्री नरेन्द्र मोदीको साथ र सहयोगले उनीहरूलाई उत्साहित बनायो। उनीहरूले सतर्कतापूर्वक वित्तीय एवं आर्थिक योजना तर्जुमा गर्दै तिनलाई तत्काल कार्यान्वयनको चरणमा पुऱ्याए। अहिले ती योजनाले परिणाम देखाएका छन् । हालै जारी गरिएको देशको अर्थतन्त्रको आँकडामा सरकारी अनुमानभन्दा बढीले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)भएको छ । सात प्रतिशतले जिडिपी विस्तार हुने सरकारी अनुमान सात दशमलव दुई प्रतिशत पुगेको छ । यो विस्तारले भारत उदीयमान अर्थतन्त्र भएका मुलुकको सूचीमा द्रुततर विकासको बाटोमा अघि बढेको स्पष्ट हुन्छ । कोभिड-१९ को महामारीपछि आफ्नो प्रतिद्वन्द्वी भारतको तुलनामा चीनले आफ्नो आर्थिक पुनरुत्थानमा खासै गति लिन सकेन।



अमेरिकी वित्तीय सेवा कम्पनी मोर्गन स्टेनलीले हालै सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार एक दशकभन्दा कम समयमा भारतको अर्थतन्त्रमा परिवर्तन भएको छ। भारतीय अर्थतन्त्रको सूक्ष्म विश्लेषण गरेको स्टेनलीको प्रतिवेदनले भविष्यमा पनि आर्थिक क्षमतामा उत्कृष्ट हुने प्रक्षेपण गरेको छ।

अभूतपूर्व राजस्व सङ्कलन र विवेकपूर्ण खर्च, निर्यात र प्रत्यक्ष विदेशी लगानी (एफडिआई)मा वृद्धि, अतुलनीय पूर्वाधार, विकासको गतिलाई रोकिन नदिन निरन्तरको निगरानी, नीतिगत हस्तक्षेप, मुद्रास्फीति नियन्त्रणाको इमानदार प्रयासलाई भारतले आक्रामकरूपमा अघि बढाएको छ। सन् २०१३ मा नरेन्द्र मोदीले देशको शासन व्यवस्था सम्हालेपछि भारतमा परिवर्तन आएको र अर्थव्यवस्था पनि सबल बन्दै गएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले भन्छ– विश्वका प्रतिष्ठित पाँच अर्थतन्त्रमध्ये सबैभन्दा द्रुत गतिमा भारतमा आर्थिक वृद्धि भइरहेको छ। दीर्घकालीन आर्थिक लक्ष्यहरूको रणनीति बनाउनेदेखि सुधारका उपायहरूलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, जसरी पनि देशको अर्थतन्त्रलाई उजिल्याएरै छाड्ने व्यक्तिगत आकाङ्क्षा र राष्ट्रको प्रगतिलाई नै आफ्नो सफलता मान्ने नेतृत्वको सोचले त्यो सम्भव भएको हो। स्थिर पूँजीको व्यवस्था र निर्यातमा भएको बढोत्तरी ईर्ष्या गर्न लायक छ। रोजगार अभियानमा स्वयम् मोदीले मोर्चा बनाएर अघि बढ्दा सफलता मिलेको छ। अस्थायी नै भएपनि एकैपटक ७० हजार युवाले रोजगार पाएका छन्।

सबै किसिमका व्यापारलाई सरकारको दायराभित्र ल्याएर अर्थतन्त्रको औपचारिकीकरणतर्फको सफल प्रयाससँगै मोदी सरकारले देशको करको आधारलाई फराकिलो बनाउने र जनतालाई आर्थिकरूपमा सबल बनाउन अघि सारेका प्रोत्साहन योजना, सामाजिक सुरक्षा, ऋण र वित्तीय सेवामा सहज पहुँच र व्यापारको वातावरण सुनिश्चितताले पनि व्यवसाय फस्टाएको छ। वैदेशिक लगानी बढेको छ। भारतले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# १२ जनाको नामबाट ६३ वटा खाता खोलेर अवैध कारोबार

काठमाडौं, ३१ जेठ/रासस

विश्वमा सञ्चालन हुने विभिन्न खेल तथा अनलाइन गतिविधिमा सट्टेबाज (जुवा) खेल्न प्रयोग हुने 'वान एक्स बेट'मार्फत एकै व्यक्तिले रु ६४ करोडको अवैध कारोबार गरेको फेला परेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालका अनुसार कैलाली घर भई चावहिल बस्ने दिनेश खड्काले विलास थारू, तेजबहादुर खड्का, नवीन चौधरी, अनीता धितालको कागजात प्रयोग गरेर १२ जनाको नाममा खाता खोलेर सट्टेबाजको मुख्य एजेन्टको रूपमा सक्रिय भएको पाइएको हो।


नगदसहित पक्राउ परेकाहरूलाई बुधवार सार्वजनिक गर्दै उपत्यका अपराध अनुसन्धान कार्यालय। तस्वीरः रासस

सट्टेबाजको रकम प्रयोग गर्न दिनेशले ६३ वटा खाता खोलेको भेटिएको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा मनोज केसीले जानकारी दिए। उनका अनुसार उनीसहित सट्टेबाजीको एजेन्टका रूपमा सक्रिय रहेका अन्य चारजनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ। पक्राउ पर्नेमा निज खड्का, अनीता धिताल, दीपेश श्रेष्ठ, दिनेश चन्द र आशिष लामिछाने छन्।

उनीहरूले सट्टेबाजमा रु ७४ करोड १३ लाख कारोबार गरेको पाइएको छ। आशिषले रु तीन करोड कारोबार गरेको फेला परेको छ भने दीपेशले रु पाँच करोड ५४ लाख कारोबार गरेको फेला परेको प्रवउ डा केसीले बताए। उनका अनुसार आशिषको साथबाट प्रहरीले रु ३७ लाख बरामद गरेको छ। उनीहरूको साथबाट ल्यापटप, मोबाइल, सिमलगायत विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ। कार्यालयले बरामद सामग्रीसहित उनीहरूलाई आज सार्वजनिक गरेको हो। उनीहरूले क्रिप्टो करेन्सीको कारोबार गरेको प्रमाणसमेत फेला परेकाले राष्ट्र बैंक ऐन र जुवा ऐनबमोजिम मुद्दा अघि बढाउने तयारी गरेको प्रहरीले जनाएको छ।

# बालबालिका अपहरणमा संलग्न देवलाई तीन वर्ष कैद

सप्तरी, ३१ जेठ/रासस

दुईजना बालिकालाई अपहरण गरेको अभियोगमा राजविराज नगरपालिका–२ घर भई हाल सुनसरीको कोशी गाउँपालिका बस्दै आएका ३६ वर्षीय नवीनप्रसाद देवलाई तीन वर्ष कैद सजाय भएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले देवलाई तीन वर्ष कैद सजायका साथै रु ३० हजार जरिवाना तिराउने फैसला गरेको हो। देवले पीडितलाई रु ५० हजार क्षतिपूर्ति दिनुपर्ने र रु एक हजार दुई सय फौजदारी कसूर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने गरी फैसला भएको अदालतले जनाएको छ। श्रेस्तेदार कुमार मास्केका अनुसार देवलाई १५ वर्षीया दुईजना बालिकालाई असार ११ गते अपहरण गरी शरीर बन्धक बनाएको अभियोगमा सजाय भएको हो।

राजविराज नगरपालिका–८ स्थित रूपनी सडकखण्डमा देवले दुईजना बालिकालाई ललाइफकाइ प्रलोभनमा पारी अपहरण गरी बन्धक बनाइ राखेका थिए। बालिकाहरू भागी अपहरणमुक्त भएपछि पीडितहरूका आमाहरूले जिल्ला प्रहरी कार्यालयमा उजूरी दिएका थिए।

सप्तरीमा ढिलो गरी उजूरी दर्ता हुँदा अभियुक्त देव अभद्र व्यवहार कसूरमा जिल्ला प्रहरी कार्यालय, मोरङमा पक्राउ परिसकेका थिए। मोरङको विराटनगरबाट देवलाई साउन १३ गते सप्तरी ल्याएर कारबाई थालिएको थियो। जिल्ला न्यायाधीश श्यामविहारी मौर्यको आदेशमा देव भदौ ८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

यसअघि देव राजविराज–२ की १४ वर्षीया बालिकाको अपहरण घटनामा पक्राउ परेका थिए। झुक्यानमा पारी २०७८ जेठ २० गते मोटरसाइकलबाट अपहरण गरी लैजाने क्रममा राजविराजदेखि नौ किलोमिटर दक्षिण रूपनीबजारनजीक देव पक्राउ परेका थिए। बालिकालाई मोटरसाइकलमा लैजाँदै गरेको अवस्थामा पक्राउ परेका देव २०७८ असार १५ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा परेका थिए।

सो घटनामा पीडित पक्ष नै 'होसटाइल' भएपछि देवले सफाइ पाएको प्रहरीले जनायो। यसअघि विभिन्न फौजदारी अपराधमा मुद्दा चले पनि प्रमाण अभाव, पीडित पक्ष होसटाइल र अनुपस्थित हुने कारणले देवले सफाइ पाउँदै आएका थिए।

# अहमदिया सङ्घद्वारा चीसो पानी वितरण


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३१ जेठ।

'सबैलाई प्रेम गर, घृणा कसैलाई नगर' नाराका साथ अहमदिया सङ्घले वीरगंज महानगरपालिका–१७ तिलावे पुलमा सर्वसाधारणलाई चीसो पानी र सर्बत वितरण गरेको छ।

बटुवा, यात्री, रिक्सा, अटो र ठेलाचालकहरूलाई गर्मीमा थोरै भएपनि राहत होस् भन्ने उद्देश्यले सर्बत र पानी वितरण गरिएको अहमदिया सङ्घ नेपाल बारा, पर्सा इन्चार्ज हासिन अहमदले बताए। उनले दुई हजार १०० जनालाई सर्बत र चीसो पानी वितरण गरिएको बताए। कार्यक्रममा अहमदिया सङ्घ नेपालका राष्ट्रिय अध्यक्ष सलीम अहमदलगायतको सहभागिता थियो।


विश्व रक्तदाता दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी भौराटार र गम्हरियाले आयोजना गरेको रक्तदान उत्प्रेरणा कार्यक्रममा सहभागीहरू। तस्वीरः प्रतीक

# 'चेन अफ कमान्ड'भन्दा बाहिर सुरक्षा प्रणाली चल्न सक्दैन –गृहमन्त्री

काठमाडौं, ३१ जेठ/रासस

उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रणाली चेन अफ कमान्डभन्दा बाहिर गएर चल्न नसक्ने बताएका छन्। उनले भने, "चेन अफ कमान्डलाई कमजोर गरेर सुरक्षा निकाय परिचालन हुन सक्दैन। अहिले चेन अफ कमान्डलाई सुस्पष्टरूपमा सुदृढ तुल्याइएको छ।"

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको बुधवारको बैठकमा उनले शान्तिसुरक्षा आम नागरिकसँग मात्र सम्बन्धित नभई राजनीतिक परिवर्तनको औचित्य र दिगोपनसँग जोडिएको विषय हो भने। उनले मुलुकको भूराजनीतिक संवेदनशीलता र राष्ट्रको सुरक्षासमेतलाई ध्यान दिएर शरणार्थीलगायतका विषयमा आवश्यक नीति लिइने जानकारी दिए।

नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले स्वतन्त्र, निष्पक्ष छानबीन र अनुसन्धान गरी अभियोजनका लागि अदालतमा पुऱ्याएको जनाउँदै उनले निर्धारित कार्य प्रक्रियाबाट अनुसन्धान बाहिर नगएको स्पष्ट गरे। गृहमन्त्री श्रेष्ठले भने, "कोही निर्दोष डराउनुपर्दैन, दोषी र अपराधकर्ममा संलग्नलाई सरकारले छोड्दै भन्ने परेको छ भने त्यो ठीक हो। तर निर्दोष कोही आतङ्कित हुनुपर्दैन।"

देशको परराष्ट्र र राष्ट्रिय सुरक्षा नीतिका सम्बन्धमा राष्ट्रिय एकता कायम गर्नुको साटो दलगत स्वार्थका आधारमा बोल्नु, आलोचना र व्यवहार गर्नु उपयुक्त नहुने बताउँदै उनले सार्वभौमिकता, राष्ट्रियहित र सुरक्षालाई कमजोर तुल्याउने कार्यमा कोही पनि संलग्न हुन नहुने धारणा राखे।

सशस्त्र प्रहरी बलको सीमा क्षेत्रको सङ्ख्या बढाउन कोशिश भइरहेको र समनिकटताका आधारमा छिमेकीसँग असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार पनि उत्तिकै दृढ रहेको गृहमन्त्री श्रेष्ठको भनाइ थियो। शान्ति सुरक्षा र अमनचयन सरकारको प्राथमिकताको विषय रहेको उल्लेख गर्दै उनले राष्ट्रिय


गृहमन्त्री नारायणकाजी श्रेष्ठ। तस्वीरः फाइल

एकता कायम गर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ भने।

स्वतन्त्र परराष्ट्र नीतिका माध्यमबाट छिमेकी मुलुकसँग पारस्परिक हितका आधारमा असल मैत्रीपूर्ण सम्बन्ध कायम गर्न सरकार दृढ रहेको जनाउँदै उपप्रधानमन्त्री श्रेष्ठले राष्ट्रिय सुरक्षा प्रवर्द्धनका निम्ति राष्ट्रिय सहमति र एकतालाई केन्द्रबिन्दुमा राखेर सरकारले काम गरिरहेको बताए।

उनले भने, "सरकार राष्ट्रिय हित र एकतालाई केन्द्रबिन्दुमा राखेर काम गर्न प्रतिबद्ध र सङ्कल्पबद्ध छ। यो व्यवहारमा लागू गर्न अरू सबैलाई पनि अपील गर्छौं। यसमा अझै बढी ध्यान जान जरुरी छ।"

जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारको आशय नभएको स्पष्ट गर्दै गृहमन्त्री श्रेष्ठले भने, "ती कार्यालय खारेज भएका छैनन्, खारेज हुँदैनन्। निर्वाचन कार्यालय छुट्टै रहन्छ।"

निजामती कर्मचारीलाई दलगतरूपमा हेर्ने दृष्टिकोण आफैंमा घातक रहेको बताउँदै उनले राजनीतिक दृष्टिकोणका आधारमा कर्मचारीलाई कुनै विभेदको व्यवहार नगरिने स्पष्ट पारे। सदस्यहरूको एक प्रश्नको जवाफमा गृहमन्त्री श्रेष्ठले भने, "सरकार स्वेच्छाचारी बन्ने दिशातर्फ जाँदैन, लोकतन्त्रको पक्षमा दृढ रहन्छ। कमीकमजोरी सच्याउँदै अघि बढ्छ।"

नागरिकताको प्रमाणपत्र नपाएर पीडा भोगिरहेकालाई छिटोभन्दा छिटो नागरिकता उपलब्ध गराउन सरकार दृढ भएपनि अदालतको निर्णय मान्नै पर्ने बाध्यता रहेको हुँदा यसका विषयमा अदालतबाट छिटो सुनुवाइ होस् भन्ने सरकारको चाहना रहेको उनले स्पष्ट गरे।

यसअघि बैठकमा सदस्यहरूले सीमा क्षेत्रमा तैनाथ प्रहरीका चौकी भौतिक पूर्वाधारका हिसाबले कमजोर रहेको, सरकार परिवर्तनसँगै कर्मचारीको जिम्मेवारी हेरफेर गरिएको तथा जनता महँगीको मारमा परेको तथा नागरिकता समस्याका कारण धेरै युवायुवती अप्ठेरोमा परेको भनी त्यस विषयमा सरकारको धारणा माग गरेका थिए। उनीहरूले जनजीविका, सरकारी क्षेत्रमा देखिएको विसङ्गति र बेथिति, सुशासन तथा भ्रष्टाचार नियन्त्रणमा सरकारका कदम र सफलताबारे गृहमन्त्रीसँग जिज्ञासा राखेका थिए।

# उखु किसानका समस्याबारे अध्ययन गर्न संसदीय उपसमिति गठन

काठमाडौं, ३१ जेठ/रासस

उखु किसानका समस्याबारे अध्ययन गरी समाधानका उपाय सिफारिश गर्न सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले एक उपसमिति गठन गरेको छ।

समितिका सदस्य कृष्णाकुमार श्रेष्ठको संयोजकत्वमा रामशङ्कर यादव, सूर्यमान तामाङ (दोङ), कान्तिका सेजुवाल, गणेश पराजुली सदस्य रहने गरी पाँच सदस्यीय उपसमिति गठन भएको हो। समितिको आजको बैठकले चिनी उद्योग तथा उखु किसानका समस्या तथा सुझाव अध्ययन उपसमिति गठन गरेको छ। उपसमितिलाई ३० दिनभित्र अध्ययन प्रतिवेदन पेश गर्न समयावधि दिइएको छ। ज्येष्ठ सदस्यका रूपमा समिति बैठकको सभापतित्व रणेन्द्र बरालीले गरेका थिए। उखु किसानले चिनीमिलबाट पाउनुपर्ने बक्यौता रकम तथा न्यूनतम समर्थन मूल्य नपाएकोलगायतका विषयबारे यो उपसमितिले अध्ययन गरेर समितिमा सुझाव पेश गर्नेछ।

समितिको आजको बैठकमा वैदेशिक

(बाँकी पाँचौं पातामा)

# दादुराबाट १६ जिल्लाका एक हजारभन्दा बढी सङ्क्रमित

काठमाडौं, ३१ जेठ/रासस

दादुराको प्रकोपबाट १६ जिल्लाका



एक हजारभन्दा बढी मानिस बिरामी परेका छन्। स्वास्थ्य विभागको परिवार कल्याण महाशाखाले सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाका एक हजार तीन जनामा दादुरा फैलिएको हो।

महाशाखाका निर्देशक डा विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौं, कपिलवस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ।

ती जिल्लामध्ये सबैभन्दा बढी कैलाली, सुनसरी र महोत्तरी जिल्लाका बालबालिका बढी सताइएका छन्। कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावरी नगरपालिका, सुनसरीको बर्जु नगरपालिका र महोत्तरीको गौलाशा नगरपालिका–२ र ५मा दादुराको प्रकोप बढेको छ। ती स्थानीय तहका छ महीनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको र अहिलेसम्म बाँकेको नेपालगंजमा एकजनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

यही जेठ २४ गते काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा देखिएको दादुरा नियन्त्रणमा आएको महाशाखाले जनाएको छ। दादुरा फैलिएका जिल्लामा हालसम्म दुई लाख १५ हजार ५४ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ।

बाल स्वास्थ्य तथा खोप शाखाले यही जेठ २५ गतेदेखि सुनसरी, मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लाका छ महीनादेखि १५ वर्षमुनिका बालबालिकालाई दादुरा र रुबेलाविरुद्धको खोप अभियान शुरू गरेको छ।

दादुरा र रुबेला रोग कोरोना भाइरसभन्दा पनि तीव्रगतिले फैलिनाका साथै मृत्युदर पनि उच्च रहेको छ। एकजना दादुरा सङ्क्रमितले १८ जनासम्ममा रोग सार्न सक्ने जनाइएको छ। मन्त्रालायले यसअघि जतिपटक खोप लगाए पनि अभियानका क्रममा पुनः खोप लगाउन आग्रह गर्दै आएको छ।

महाशाखाले काठमाडौंका सबै स्वास्थ्य संस्था तथा निजी अस्पतालमा सक्रिय दादुराका बिरामी खोजी जारी राखेको जनाउँदै ती स्वास्थ्य संस्था तथा निजी अस्पताललाई दादुराका बिरामीको विवरण नगरपालिका र स्वास्थ्य सेवा विभागमा उपलब्ध गराउन अनुरोध गरेको छ। यस्तै, दादुराको निगरानीका लागि सबै जिल्ला र नगरपालिकाका स्रोत व्यक्तिलाई संवेदनशील हुनसमेत महाशाखाले अनुरोध गरेको छ।

# 'रगत अभावमा कोही मर्न नपरोस्'

-कृष्ण अधिकारी
काठमाडौं, ३१ जेठ/रासस

वर्षौंदेखि 'रक्तदान जीवनदान, रक्तदान महादान' भनेर प्रचार गरिए पनि अझै एक प्रतिशतले पनि रक्तदान गर्ने गरेको पाइँदैन । नेपालमा कुल जनसङ्ख्याको ०.८ प्रतिशतले मात्र रक्तदान गर्ने गरेको पाइन्छ । त्यसमा पनि धेरैले नियमित रक्तदान गरेको पाइँदैन । रक्तदातामध्ये करीब १७ प्रतिशत महिला छन् र पुरुष ८३ प्रतिशत रहेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार एउटा देशमा रगतको अभाव हुन नदिन कम्तीमा पनि दुई प्रतिशतले रक्तदान गर्नुपर्छ ।

रक्तदान गर्दा दुर्बल वा कमजोर भइन्छ, अनेक रोग सर्छ र गरिरहेको काममा ह्रास आउँछ भन्ने गलत सोचका कारण पनि धेरैले रक्तदान गर्न योग्य व्यक्ति पनि हच्किन्छन्। रक्तदान गर्नाले अरूको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्ति स्वयंको शरीरसमेत स्वस्थ रहन्छ भन्ने जानकारीको अभाव छ ।

सामान्यतया १८ देखि ६० वर्षसम्म उमेर र ४५ किलोग्रामभन्दा बढी तौल भएका साथै सबै शारीरिक र हेमाटोलोजिकल मापदण्ड पूरा भएको तथा शरीरमा रगत न्यूनतम ३५० मिलिलिटर भएका जो कोहीले रक्तदान गर्न सक्छन् ।

सामान्यतया एउटा व्यक्तिको शरीरमा छ लिटर (करीब दश युनिट) रगत उत्पादन हुन्छ। जबकि रक्तदानमा एक युनिट अर्थात् ४७० मिलिमिटर रगतमात्र निकाल्ने गरिन्छ। त्यो भनेको शरीरमा भएको सबै रगतको १२ देखि १४ प्रतिशतमात्र हो। रक्तदानका क्रममा त्यसरी रगत निकाल्दा रक्तदातालाई भने कुनै हानि गर्दैन । एउटा व्यक्तिको शरीरमा रगत निर्माण भएको १२० दिनभित्र उक्त रगत स्वतः नष्ट हुने गर्छ। सोही रगत अरूलाई दान गर्दा व्यक्तिको शरीरमा छिटोछिटो रगत उत्पादन हुने गर्दछ ।

नेपाल स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष प्रेमसागर कर्माचार्य स्वयंसेवी रक्तदाताहरूले दान गरेको रगत र रगतबाट तयार पारिएका रक्त-तत्त्वहरू पीडित बिरामीसमक्ष गुणस्तरीय परीक्षणपश्चात् निश्शुल्क उपलब्ध एवं वितरण नगरेसम्म व्यापार नै हुने बताउँछन् । सरकारले स्वयंसेवी रक्तदाताहरूले दान गरेको रगत र रगतबाट तयार पारिएका रक्त-तत्त्वहरूमा गरिएको शुल्क निर्धारणले स्वयंसेवी रक्तदाताहरूको मनोबलमा प्रतिकूल असर पुगेको उनको भनाइ छ।

देशका प्रमुख अस्पतालहरूमा जटिल रोगको उपचार सम्भव एवं सुविधामा



**रक्तदान गर्दै रक्तदाता :** विश्व रक्तदाता दिवसका अवसरमा ब्लड डोनर्स सोसाइटी नेपाल चितवनले बुधवार आयोजना गरेको रक्तदान कार्यक्रममा रक्तदान गर्दै युवायुवती । तस्वीरः रासस

आएको अभिवृद्धिका साथै दिनहुँ बढ्दै गइरहेको दुर्घटना तथा प्राकृतिक विपद् लगायत कारणले रगतको मागमा अत्यधिक वृद्धि भइरहेको छ। चोटपटक लागेका बिरामी, दुर्घटनामा परेका व्यक्ति, आपत्कालीन एवं प्रकोपका बेला, बच्चा र गम्भीर रक्तअल्पता भएका वयस्कहरू, रक्तस्रावसँग सम्बन्धित बच्चाहरू, उन्नत शल्य प्रक्रियामा रहेका बिरामीहरू, गम्भीर रक्तअल्पता भएका गर्भवती आदिलाई रगत आवश्यक पर्दछ। सुरक्षित रगतले प्रत्येक वर्ष लाखौं मानिसको ज्यान बचाउन सकिन्छ ।

पछिल्लो समय रगतको अभाव बढ्दै गएको छ । अस्पतालमा दैनिक रगत खोज्ने बिरामीका आफन्तको सङ्ख्या बढ्दो छ । तर माग अनुसार आपूर्ति भने निकै कम छ । यसले गर्दा आम मानिसमा रगतको माग र आपूर्तिको सन्तुलन मिल्न सकेको छैन। अहिलेसम्म जम्मा तीन लाख मानिसले मात्रै रक्तदान गरेका छन्। काठमाडौंमा पाँच/छ सय पिन्ट रगतको माग हुने गर्दछ। शनिवार करीब ३०/४० वटा शिविरहरू सञ्चालदन हुने हुँदा धेरै परिणाममा रक्तदान हुने भएकाले त्यसले दुई/तीन दिनलाई पुगे पनि बाँकी दिन अभाव नै हुने गरेको ब्लड डोनर्स एसोसिएशन नेपाल (ब्लोदान) का केन्द्रीय अध्यक्ष सानुबाबु प्रजापति बताउँछन् ।

विज्ञानले हालसम्म रगतको विकल्प पत्ता लगाउन नसकिरहेको सन्दर्भमा बिरामीलाई रक्तसञ्चारको आवश्यकता भएमा स्वयंसेवी रक्तदाताहरूबाटै सुरक्षित रक्तदान गराउनुको विकल्प छैन। अहिले पनि रक्तदाताहरूको दानबाट नै बिरामीले रगत पाइरहेका छन् र जीवन बचाइरहेका छन्। रगतदान गर्ने प्रत्येक व्यक्तिले रगत दिनु अघि साधारण शारीरिक परीक्षण र रगत परीक्षण पूरा गर्नुपर्छ। व्यक्तिको रक्तचाप, शरीरको तापक्रम, मुटुको दर, हेमोग्लोबिन वा फलामको स्तर सामान्य सीमाभित्र हुनुपर्ने प्रजापति बताउँछन् ।

चिकित्सकहरूका अनुसार चीसो, फ्लु, घाँटी दुःखाइ, पेट सङ्क्रमण भएका व्यक्ति, ट्याटु वा शरीर छेड्ने व्यक्तिहरूले भर्खर प्रक्रियाको दिनदेखि छ महीनासम्म रगतदान गर्न सक्दैनन् भने १३ ग्राम प्रतिडिसिलिटर एलभन्दा कम एचबी भएका पुरुष र १२ ग्राम प्रतिडिसिलिटर एलभन्दा कम एचबी भएका महिलाले रक्तदान गर्न सक्दैनन् ।

यसैगरी एचआइभी सङ्क्रमित व्यक्ति, रिक्रिएशनल औषधि प्रयोग गर्ने व्यक्ति, गर्भवती र स्तनपान गराउने महिलालाई बच्चा जन्माएको नौ महीनासम्म रक्तदान गर्न अनुमति छैन । शुरूशुरूमा स्वयंसेवी रक्तदाताहरूको कमी हुँदा बिरामीका आफन्तले बाध्यताले रगत दिन्थे भने पैसा तिरेर पेशेवर रक्तदाताहरूबाट रगत खरीद गरिन्थ्यो। नेपालमा स्वयंसेवी रक्तदानको शुरूआत २००० सालमा स्व दयावीर कंसाकारले गरेका थिए । पछि २०२३ सालमा वीर अस्पतालमा लक्ष्मी ब्लड बैंकको स्थापना भई नेपालको राष्ट्रिय रक्तसञ्चार सेवा शुरू भएको थियो । स्वयंसेवी रक्तदाता तथा रक्तदान गर्ने संस्थाहरूसँग स्वयंसेवी रक्तदाताको अभाव, रक्तदानको प्रचारप्रसार नहुँदा तिनै पेशेवर रक्तदाताहरूको सहारा लिनुपर्ने बाध्यता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटीले २०३३ सालमा रक्तसञ्चार सेवा केन्द्र काठमाडौं स्थापना गरी यस अन्तर्गत विभिन्न जिल्लामा संस्थागतरूपमा रक्तदान कार्यलाई अगाडि बढाएको थियो । पछि बिरामीलाई स्वच्छ तथा स्वस्थ रगत उपलब्ध गराउन सहयोग पुऱ्याउनका लागि काठमाडौं उपत्यकाका स्वयंसेवी रक्तदान गर्ने विभिन्न सङ्घसंस्थालाई सङ्गठित गरी २०४६ सालमा ब्लड डोनर्स क्लब स्थापना गरी २०४९ सालमा ब्लोदानको स्थापना गरियो ।

ब्लोदानका केन्द्रीय अध्यक्ष प्रजापतिले केन्द्रले विभिन्न राष्ट्रिय/अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूको सहकार्यमा रगतसम्बन्धी जनचेतनालगायत अन्य गतिविधि सञ्चालन गर्दै आएको र यस वर्ष पनि विश्व रक्तदाता दिवसका अवसरमा यही जेठ २४ देखि ३१ गतेसम्म रक्तदानका विभिन्न कार्यक्रम आयोजना गरिएको बताउँछन् । 'रगत अभावमा कुनै पनि बिरामीको अकाल मृत्यु नहोस्' भन्ने मूल उद्देश्यका साथ विभिन्न कारणले रगत आवश्यक परेका बिरामीहरूलाई स्वस्थ रगत सहज उपलब्ध गराउन 'विनाशोधभर्ना बिरामीलाई रगत उपलब्ध गराउन स्वयंसेवी रक्तदान अभियानमा सहभागी होऔं' भन्ने मूल नाराका साथ यस वर्ष विभिन्न कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ ।

रगतको अभावले ज्यान गएको छैन। आफन्त साथीभाइ र सामाजिक सञ्जालमार्फत बिरामीले आवश्यक पर्दा रगत प्राप्त गर्न सकेका छन्। सरकारले यस वर्ष पनि डेङ्गुको जोखिम आउन सक्ने बताएकोले अहिलेदेखि नै रगत अभाव हुन नदिन उच्च सतर्कता देखाउनुपर्ने केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेल बताउँछन् । उनका अनुसार रेडक्रसको देशभरिको तथ्याङ्क हेर्दा १४ प्रतिशत शोधभर्नाबाट रगत प्राप्त भइरहेको छ भने ८६ प्रतिशत शिविर र स्वयंसेवीहरूबाट भएको छ । राष्ट्रिय रक्तसञ्चार नीति २०७१ मा शतप्रतिशत नै स्वयंसेवी रक्तदाताहरूबाट हुनुपर्ने व्यवस्था रहेकोले स्वयंसेवी रक्तदाताको सङ्ख्यात्मक वृद्धिसँगै उनीहरूलाई तीन/तीन महीनाको अन्तरमा रक्तदान गर्न उत्प्रेरित गराउनुपर्ने हुन्छ । नीति बनेको १० वर्ष भइसक्दा पनि यसम्बन्धी कानून नहुँदा धेरै समस्या रहेको पौडेल बताउँछन् ।

'रगत तथा प्लाज्मा नियमित दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं' भन्ने नाराका साथ आज विश्व रक्तदाता दिवस विश्वभर मनाउन विश्व स्वास्थ्य सङ्गठनले आह्वान गरे अनुरूप ब्लोदानले पनि यही जेठ २४ देखि ३१ गतेसम्म रक्तदान विभिन्न कार्यक्रम आयोजना गरेको छ । विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा ए, बी, ओ रक्त समूह पत्ता लगाउने नोबेल पुरस्कार विजेता महान वैज्ञानिक डा. कार्ल्स ल्यान्डस्टेनरको जन्मदिन जून १४ को अवसर पारी सन् २००४ देखि सप्ताहव्यापी रक्तदान दिवस मनाउन शुरू गरिएको हो ।

# नेप्सेमा वृद्धि कायमै, कारोबार रकम पाँच अर्ब नाघ्यो

काठमाडौं, ३१ जेठ/रासस

आइतवारदेखि निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से)को परिसूचकमा बुधवार पनि दोहोरो अङ्कको वृद्धि देखिएको छ । कारोबार रकम पनि बढेर पाँच अर्ब नाघेको छ। आज नेप्से परिसूचक १६ दशमलव ४२ अङ्कले बढेर दुई हजार ३७ दशमलव छ अङ्क कायम भएको छ ।

आज २७५ वटा कम्पनीका एक करोड २५ लाख ६१ हजार ४४० कित्ता शेयर ७९ हजार ४६१ पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब एक करोड ७८ लाख सात हजार ६८२ बराबरको कारोबार भएको छ ।

आज विकास बैंक, वित्त, होटल तथा पर्यटन, लगानी, निर्जीवन बीमा र व्यापार समूहका उपसूचक घटेका छन् भने बाँकी सबै समूहका उपसूचक बढेका छन् । विकास बैंक समूह ३६ दशमलव २१, वित्त १५ दशमलव ८९, होटल तथा पर्यटन ४३ दशमलव १६, लगानी शून्य दशमलव ३९, निर्जीवन बीमा ६७ दशमलव २७ र लगानी समूह २० दशमलव ०९ अङ्कले घटेका छन् ।

उपसूचक बढ्नेमा सबैभन्दा धेरै जीवन बीमा समूह १६४ दशमलव ६६ अङ्कले बढेको छ। त्यसैगरी, बैंकिङ १५ दशमलव ७४, जलविद्युत् १२ दशमलव छ, उत्पादन तथा प्रशोधन ३४ दशमलव १६, लघुवित्त ६५ दशमलव एक, म्युचुअल फन्ड शून्य दशमलव एक र अन्य समूह ३२ दशमलव ९० अङ्कले बढेका छन् ।

आजको कारोबारमा खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ६२ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै रु २८ करोड १७ लाख आठ हजार ८४२ बराबरको पाँच लाख ३४ हजार ४५६ कित्ता शेयर किनबेच भएका छन्।

# ५४ लाखको सुनसहित एकजना पक्राउ

मनहरी, ३१ जेठ/रासस

मकवानपुर प्रहरीले रु ५४ लाख बराबरको अवैध सुनसहित एकजना युवकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयले बुधवार पत्रकार सम्मेलन गर्दै करीब रु ५४ लाख ४८ हजार बराबरको अवैध सुनसहित एक युवकलाई नियन्त्रणमा लिई सार्वजनिक गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय, मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे चेकपोस्टमा हेटौंडा आउँदै गरेको प्रदेश २-०३-००१ ख ०१५९ नम्बरको बसमा उक्त सुनसहित युवकलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक वामदेव गौतमले बताए ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका-१६ का २२ वर्षीय किसन साह रहेको प्रउ गौतमले बताए। साहले जुत्ताको नोकभित्र ५६१ दशमलव ३० ग्राम सुन लुकाएर ल्याएको अवस्थामा समातिएको प्रहरीले जनाएको छ ।

# आगलागीमा १४ जना घाइते

प्रस, रौतहट, ३१ जेठ/

गौर नगरपालिकाका-४ मा मङ्गलवार राति आगलागी हुँदा लाखौंको सम्पत्ति जलेर नष्ट भएको छ भने १४ जना घाइते भएका छन् ।

वडा नं ४ टिकुलियाको परशुराम साहको घरमा आगलागी भएको र निभाउने क्रममा घरका सदस्यसहित १४ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।


विद्युत् आपूर्ति अवरुद्ध भएको बेला घरमा मैनबत्ती बाल्दा सोबाट ग्याँस सिलिन्डर पड्केर आगलागी भएको थियो र आगो निभाउने क्रममा मानिसहरू घाइते भएका थिए ।

घाइतेहरूको प्रादेशिक अस्पताल, गौरमा उपचार भइरहेको छ। गौर नगरपालिकाको फायर बिग्रेड, स्थानीयवासी, प्रहरीको मदतबाट आगोलाई नियन्त्रणमा लिइएको थियो ।

## फरक समाचार

# जिब्रो हेरेर चिकित्सकले रोग कसरी पत्ता लगाउँछन्

शरीरमा कुनै गडबडी भएपछि हामी चिकित्सककहाँ जान्छौं । चिकित्सकले पनि हाम्रो जिब्रो हेरेर रोग पत्ता लगाउँछ र औषधि लेख्छन् । चिकित्सकले जिब्रोमा के हेर्छ जसबाट उनीहरुले रोग पत्ता लगाउँछन् यसबारे कहिल्यै हामीले



सोचेका छौं । जिब्रोमा हुने परिवर्तनलाई हेरेर चिकित्सकले शरीरमा हुर्किरहेको रोग पत्ता लगाउँछ। जिब्रोको रङ र रगत हेरेर चिकित्सकले शरीरमा गडबडी रहेको थाहा पाँछन् ।

**रङ र एनिमियाः** चिकित्सकले जिब्रोको रङ हेरेर बिरामीहरुको शरीरमा कस्तो रोग छ त्यो पत्ता लगाउँछन्। शरीरमा रगत छ भने हाम्रो जिब्रो गुलाबी हुन्छ तर रगतको कमी भएपछि यसको रङ पहेंलो हुन्छ र चिल्लो हुन्छ। रगतको कमी नभए पनि मुखमा घाउखटिरा र मुख सुक्दा आयरनको कमी हुनसक्छ ।

**जिब्रोमा चिरा पर्नुः** कोलम्बिया एशिया अस्पतालमा जनरल फिजिशयन डा मञ्जीतानाथ दासका अनुसार जिब्रोमा चिरा पर्नु भिटामिनको कमी वा सङ्क्रमणलाई दर्शाउँछ । यस्तो जिब्रोलाई फिशर्ड टङ्ग भनिन्छ । मिर्गौला रोगी, अनियन्त्रित मधुमेह, किमोथेरापी आदि समस्या हुनेहरुको जिब्रोमा चिरा पर्ने गर्छ ।

**जिब्रो सेतो हुनुः** जिब्रोमा सेतो धब्बा वा जिब्रोको रङ्ग सेतो हुन्छ ने यो यिस्ट इन्सफेक्सनको सङ्केत हुनसक्छ । तम्बाकु सेवन गर्नेहरुको जिब्रो पनि सेतो हुन्छ ।

**जिब्रो कालो हुनु-** यदि जिब्रोमा कालो धब्बा छ भने चिकित्सकसँग सम्पर्क गर्नुपर्छ । यो ब्याक्टेरिया वा फङ्गस इन्फेक्सशनको कारण पनि हुनसक्छ । कहिलेकाही आइरनको औषधि खाँदा पनि हाम्रो जिब्रो कालो हुन्छ ।

**जिब्रो रातो हुनु-** जिब्रोको रङ्ग गुलामी हुन्छ तर कहिलेकाहिं जिब्रो रातो पनि हुन्छ । भिटामिन बी १२ को कमीको कारण पनि जिब्रो रातो हुनसक्छ । त्यस्तै सङ्क्रमण वा कलेजोमा कुनै समस्या छ भने पनि जिब्रोको रातो रङ्ग हुन्छ ।

# हनीकम्ब राम्रो कि काठको घाँस

गर्मीमा पङ्खा, कुलर र एसीको अहिले निकै बिक्री भइरहेको छ। पङ्खाले तातो हावा दिने, एसी महँगो रहेको हुनाले धेरैले कूलर प्रयोग गर्छन्। तर पनि कूलरबाट चीसो हावा आउँदैन। चीसो हावा नआउनुको कारण यसको कूलिङ प्याडबारे जानकारी नभएर हो। कूलिङ प्याडको रुपमा काठको घास लगाइने





गरिएको छ तर केही समयदेखि हनीकम्ब पनि चर्चामा आएको छ ।

कूलिङ प्याड हावालाई चसिो गर्नको लागि लगाइन्छ। जुन प्याडबाट गुजरिदै पानी तलतर्फ खस्छ र प्याडको चीसो हावा हामीकहाँ पुग्छ । तर जबदेखि बजारमा हनीकम्ब आएको छ धेरैजना अन्योलमा छन् कि घाँस राम्रो कि कूलिङ प्याड ।हनीकम्ब हेर्दा माहुरीको घारजस्तो देखिन्छ । यो सेलुलोस पदार्थबाट बनाइएको हुन्छ । यसमा पानी लामो समयसम्म सोस्ने क्षमता हुन्छ र यसले बाहिरबाट आउने तातो हावालाई चाँडै चीसो गरिदिन्छ ।

तर कसैकसैले हनीकम्बमा ठूलठूला प्वाल भएको कारण यसबाट तातो हावा आउने बताएका छन्। त्यस्तै काठको घाँस भएको कूलिङ प्याडले पानी बढी फ्लो गर्छ जसको कारण कोठा चाँडै चीसो हुन्छ। यसमा ठूलठूला प्वाल हुँदैन त्यसैकारण तातो हावा पार हुन सक्दैन ।

हनी कम्ब र काठको घाँसको दुवैको आआफ्नै फाइदा र नोक्सान हुनसक्छ । हनीकम्बमा कम मरम्मत खर्च हुन्छ र यो दुई तीन वर्ष सजिलै चल्न सक्छ। त्यस्तै काठको घाँसको कुलिङ प्याडमा धूलो चाँडै जम्ने र हरेक सिजनमा यसलाई बदलिनुपर्छ। गर्मीमा हनीकम्ब कूलरले शीतल दिनसक्छ तर भयङ्कर गर्मी छ भने काठको घाँस नै कुलिङ प्याडमा प्रयोग गर्न सकिन्छ। हनीकम्बको मूल्य भारु ७ सयदेखि १४ सयसम्म पर्ने गर्छ भने काठको घाँस भारु ८० देखि एक सयसम्म पर्न सक्छ ।

## स्वास्थ्य जानकारी



- पिसाबमा जलनको मुख्य कारण हो पिसाबमा एसिडको मात्रा बढ्नु । यसैले लौकाको जूस पिउँदा यो समस्या ठीक हुन्छ ।
- लौकाको जुसमा ९६ प्रतिशत पानी हुन्छ र यसमा प्राकृतिक एल्कलाइन हुन्छ, यसले एसिडको प्रभावलाई कम गर्छ ।
- थाइराइड भएको व्यक्तिले चिनी, तारेको खानेकुरा, कफी-चिया, काउली र सोया खानुहुँदैन ।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## टयाक्टर चलाएर बेहुला पुगे कन्याको घर

बारमेर (राजस्थान), ३१ जेठ/एएनआई

राजस्थानको बारमेरमा एकजना किसानले आफ्नो छोराको विवाह अनौठो ढङ्गले गरेका छन् । दुलहीको घरमा, खेत खनजोतमा प्रयोग हुने टयाक्टरको ताँती लगाएर ती किसानले छोराको धूमधामसँग बिहे गराएका छन् ।


तस्वीरः एजेन्सी

आफ्नो लगनगाँठो कस्न जाँदा फगत एउटा टयाक्टर लिएर गएका ती किसानले बुहारी लिन जाँदा भने ५१ वटा टयाक्टरको जुलुस गराएका छन् । सोमवार बिहान बेहुला प्रकाश चौधरीको घरबाट ५१ किलोमिटर टाढा रहेको रोली गाउँतर्फ दुलही लिन गएको टोली देखेर गाउँभरका मानिस अचम्म मानेर हेरिरहेका थिए । अझ आश्चर्यको कुरा के भने दुलाहा आफैंले टयाक्टर चलाएका थिए । उनका पछिपछि ५० वटा टयाक्टरको ताँती थियो । टयाक्टरमा दुई सयजनाभन्दा बढी जन्ती थिए ।

"मेरो विवाहमा जम्मा एउटा टयाक्टर थियो, मैले छोराको लागि ५१ वटा ल्याएँ"–आफ्नो परिवारको मुख्य पेशा कृषि भएकोले किसानको पहिचान टयाक्टर चलाएर बुहारी लिन छोरालाई निर्देशन दिएको स्पष्ट गर्दै दुलहा प्रकाशका बुवा भन्छन् । बुवाको निर्देशन अनुसार आफूले टयाक्टर चलाएको र किसानको छोरालाई दुलही लिन जाँदा अन्य सवारीसाधन चढ्नुपर्छ भन्ने नलागेको उनले बताए । शेरवानीमा सजिएका उनले रवाफिलो विवाह नरुचाएको एनएनआईलाई सुनाए ।

कन्या पक्षका मानिस दुलहा स्वयंले टयाक्टर लिएर आएको खबर दुलही ममताको गाउँमा फैलिएपछि आश्चर्यचकित धेरै गाउँले प्रकाश र टयाक्टरमा आएका जन्ती हेर्न धुइरिएका थिए ।

प्रकाशका पितासँग ३० वटा टयाक्टर भएकाले जन्ती जान अरू सवारीसाधनको जोहो नगर्ने बरु छिमेकी किसानका टयाक्टर माग्ने निर्णय गरेर थप २१ वटा टयाक्टरमा जन्ती व्यवस्थापन गरिएको उनले बताए । रासस

## मृत घोषित महिला पाँच घण्टापछि बौरिदा

बाबाहोयो (इक्वेडोर), ३१ जेठ/एएनआई

चिकित्सकले मृत घोषणा गरेको पाँच घण्टापछि ७६ वर्षीया एक महिला जीवित भएकी छन् ।

इक्वेडोरको बाबहोयो शहरकी सेवानिवृत्त नर्स बेला मोन्टोयालाई चिकित्सकहरूले मृत घोषणा गरेपछि शवलाई 'कफिन'मा राखेर स्मृतिसभा गरी अन्त्येष्टिका निम्ति समाधिस्थल लैजान उनका छोरासहित मलामीले कफिन उठाउँदा उनले भित्रबाट ढकढक्याएकी अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ ।

इक्वेडोरको स्वास्थ्य मन्त्रालयले ती महिलालाई हृदयाघात भएको बताएको छ । चिकित्सकले उनलाई मृत घोषणा गरेको विषयमा अनुसन्धान गर्ने जनाउँदै त्यस निम्ति प्राविधिक समिति गठन गरिएको एक विज्ञप्ति निकालेर बताएको छ ।

स्वास्थ्य मन्त्रालयको विज्ञप्ति अनुसार मोन्टोयालाई बाबाहोयोको मार्टिन इकाजा अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो र पछि उनलाई मृत घोषणा गरिएको थियो । रासस

## शीर्ष चिनियाँ र अमेरिकी कूटनीतिज्ञबीच फोन वार्ता

बेइजिङ, ३१ जेठ/एएफपी

विश्वका दुई ठूला अर्थतन्त्रबीच तनाव तीव्ररूपमा बढेका बेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री छिन कङले बुधवार टेलिफोन वार्ता गरेका छन् ।

यो हालैको कूटनीतिक गतिविधिमा भएको उच्चस्तरीय वार्ता हो । विशेषगरी ताइवानलाई लिएर अमेरिका र चीनबीच द्वन्द्व हुने गरेको छ । बेइजिङले आवश्यक परे ताइवानलाई बल प्रयोग गरेर कब्जा गर्न सक्ने चेतावनी दिँदै आएको छ ।



यसअघि अमेरिकी विदेशमन्त्रीको फेब्रुअरीमा हुने भनिएको नियोजित भ्रमण अचानक रद्द भएपछि आपसी मनोमालिन्यलाई शान्त पार्ने उद्देश्यले दुई देशका शीर्ष कूटनीतिज्ञले वार्ता गरेका हुन् । आगामी आइतवार अमेरिकी विदेशमन्त्री बेइजिङ पुग्दैछन् ।

यो वर्षको प्रारम्भदेखि नै चीन र अमेरिकाबीचको सम्बन्ध नयाँ कठिनाइ र चुनौतीबाट गुज्रिरहेको चिनियाँ विदेशमन्त्रीले वार्तामा बताएका थिए । चिनियाँ विदेश मन्त्रालयका अनुसार राष्ट्रपति सी जिनपिङले अगाडि सारेको पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षलाई मान्य हुने सहयोगको सिद्धान्त अनुसार चीन–अमेरिका सम्बन्धलाई सुदृढ बनाउने चिनियाँ चाहना विदेशमन्त्रीले दोहोर्‍याएका थिए ।

अमेरिकी विदेश मन्त्रालयले पनि विदेशमन्त्री ब्लिन्केनले विश्व मामिलाका साथै आपसी सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने, द्वन्द्वबाट बच्ने तथा चीनसँगको संवाद र सञ्चारलाई खुला राख्ने विषयमा आफ्ना चिनियाँ समकक्षीसँग विचारविमर्श गरेका बताएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – व्यर्थभ्रमण |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – अलमल | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडाश्रम |
| धनु – चोरभय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## वीरगंज–२१ लिपनीबिर्तामा तीन करोड २४ लाखको योजना

प्रस, परवानीपुर, ३१ जेठ/

वीरगंज महानगरपालिका वडा नं २१ लिपनीबिर्तामा चालू आवमा तीन करोड २४ लाखको योजना अगाडि बढाइएको वडाध्यक्ष राधाकृष्ण साह रौनियारले बताएका छन् ।


वडाध्यक्ष राधाकृष्ण साह रौनियार । तस्वीरः प्रतीक

वडास्तरीय र वीरगंज महानगरपालिकाको नगरस्तरीय एवं अन्य दाताहरूबाट सहयोग प्राप्त गरी सो रकमबाट विभिन्न योजनामाथि काम भइरहेको वडाध्यक्ष रौनियारले बताए ।

वडास्तरीय बजेटको सिलिङमार्फत सो वडाले रु ७३ लाख पाएको थियो । साथै नगरस्तरीय योजनाबाट पनि विकास निर्माणका भइरहेको उनले बताए । उनले विभिन्न योजना अन्तर्गत लिपनीबिर्ताबाट वीरगंजसम्म निश्शुल्क एम्बुलेन्स सेवा शुरू गरेको बताए । वडास्तरीय बजेट रु ७३ लाखबाट रु २४ लाखको ताजपुरमा आठ सय फिट लम्बाइ एवं अढाई फिट चौडा नालाको योजना, तत्वाटोलामा २२ फिट चौडा र तीन सय फिट लम्बाइको सडक ढलानको रु १४ लाखको योजना, परवानीपुरमा संसारीमाई क्षेत्रमा १५० फिट लम्बाइको रु १० लाखको सडक र नाला निर्माण, कोइरियाटोलामा तीन सय फिट लम्बाइ र अढाई फिट चौडा रु आठ लाखको नाला निर्माण, पटेलनगरमा १८० फिट लम्बाइ एवं अढाई फिट चौडा पाँच लाखको नाला निर्माण, तीन लाखको सिलाइकटाइ, दुई लाखको कम्प्युटर तालीम, एक लाखको ब्युटिशियन तालीम, एक लाखको खेलकूद सामग्री वितरण, चार लाखको धारा वितरण, तीन लाखको वृक्षारोपण र आकस्मिक खर्च चार लाखलगायतका योजना सम्पन्न भएको उनले बताएका छन् ।

त्यसैगरी, महानगरको नगरस्तरीय योजनाबाट ५० लाखको श्मशानघाट, एक करोड सात लाखको वडा कार्यालय भवन निर्माण, कोइरियाटोलामा १५ लाखको छ सय फिट लम्बाइको छुट्टै नाला ढलान, पटेलनगरमा उपप्रमुखको योजनाबाट १० लाखको सडक नाला, पटेलनगरमा १० लाखको सडक र नाला निर्माण, पटेलनगर प्राविमा पाँच लाखको पर्खाल निर्माण, पटेलनगरदेखि गण्डक नहर आउने स्थानमा २५ लाखको झोलुङ्गे पुल निर्माण, वडा कार्यालय, स्वास्थ्य चौकी नजीकै टावरलाइट जडानलगायतका योजनाहरूमा काम भइरहेको छ ।

त्यसैगरी, अन्य दाताहरू डाबर नेपालबाट पटेलनगर स्कूलमा बेन्च–डेस्क तथा मुख्य प्रवेशद्वार निर्माण, ब्रिटानियाबाट दुई सय विद्यार्थीको लागि पोशाक एवं अढाई लाखको स्वास्थ्यचौकीको लागि इन्भर्टर, कन्साइ नेरोलेक पेन्ट र मनोज ग्याँसबाट क्रमशः दुई लाख र एक लाख ४४ हजारमा दुई सरकारी विद्यालयका शिक्षकको वार्षिक तलब, एपेक्स फर्मास्युटिकल्सबाट तीन लाखको सहयोगबाट ताजपुरमा छठघाट निर्माण भएको उनले बताए ।

### उखु ...

रोजगारमा जाने कामदारका लागि सरकारले लागू गरेको 'फ्री भिसा फ्री टिकट'को प्रावधान प्रभावकारीरूपमा कार्यान्वयन नभएको, आगामी आर्थिक वर्षको बजेटबाट सरकारले करका दरमा गरेको हेरफेरबाट परेको प्रभावलगायतका विषयमा छलफल भएको छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा परेको उजूरीमाथि छलफल गर्ने आजको कार्यसूची थियो । मानवअधिकारका लागि जनमञ्च (पिपुल फोरम)ले तयार पारेको 'वैदेशिक रोजगार सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएका आदेशको कार्यान्वयनसम्बन्धी अवधारणापत्र'माथि आजको बैठकमा छलफल भएको छ ।

त्यस्तै, आगामी आर्थिक वर्षको बजेटले सुनको भन्सार बढाएको तथा सुनचाँदीलाई विलासिताको वस्तुको रूपमा राखेको विषयमा नेपाल सुनचाँदी व्यवसायी महासङ्घको उजूरी र पेट्रोलियम पदार्थमा भएको अनुचित मूल्यवृद्धिबारे उपभोक्ता हित संरक्षण मञ्च नेपालको उजूरी माथि पनि छलफल भएको छ । समितिको आगामी बैठकमा यी विषयसँग जोडिएका सम्बन्धित मन्त्रालय तथा निकायका पदाधिकारीलाई बोलाएर छलफल गर्ने निर्णय पनि आजको बैठकले गरेको छ ।

### व्यवसायी ...

वीरगंज तथा नेपालकै आयातकर्तालाई लक्षित गर्दै हप्तामा एक दिन शनिवार साँझ कार्गो रेल वीरगंजको लागि चलाउने तयारी गरेको जनाएको छ ।

वीरगंजदेखि कोलकाता करीब सात सय किलोमिटर दूरीमा पर्छ । कोलकाता बन्दरगाह अन्तर्गत नै हल्दिया बन्दरगाह पनि पर्छ । त्यहाँबाट मालगाडी वीरगंज पुग्न ४८ देखि ७२ घण्टा लाग्ने गरेको छ ।

सन् २००४ मा श्रीसिया सुक्खा बन्दरगाह सञ्चालन हुँदा एकैचोटि १० वर्षको लागि नेपाल सरकारले कन्करको साझेदार हिमालयन टर्मिनललाई ठेक्का दिएको थियो । त्यसपछि अर्को पाँच वर्ष को लागि दोस्रो ठेक्का पनि हिमालयन टर्मिनलले नै पायो ।

एक वर्ष ठेक्का लगाउन समय बित्दा करीब १६ वर्ष सुक्खा बन्दरगाह सञ्चालन एवं व्यवस्थापनको जिम्मा हिमालयन टर्मिनलले पाएको थियो । सन् २०२० अगस्त ७ मा प्रिन्सटन भ्याली ड्राइपोर्ट प्रालिले ठेक्का लिंदा हिमालयन टर्मिनल बाहिरियो ।

त्यसपछि हिमालयन टर्मिनलको माउ कम्पनी कन्करले नेपाली आयातकर्तालाई अचानक रेल बन्द गर्दै दुःख दिन थाल्यो । जसले गर्दा भारत तथा तेस्रो मुलुकबाट आयात हुने मालवस्तुमा नेपाली आयातकर्ताले लाखौं रुपियाँ विलम्ब शुल्क तिरेका थिए ।

नयाँ कम्पनी प्रिन्सटन भ्यालीले निजी रेल चलाउन थालेपछि कन्करको नेपाल एवं वीरगंजसँगको व्यवसाय पातलिंदै गएको अवस्थामा फेरि कारोबार बढाउन यस्तो रणनीति अख्तियार गरेको छ ।

अहिले सुक्खा बन्दरगाह वीरगंजमा कोलकाता, हल्दिया र विशाखापट्टनमबाट महीनामा ४५ देखि ६० वटासम्म मालवाहक कार्गो रेल आउने गरेका छन् । गत मेमा कन्करले जम्मा दुईवटा हाफलोडेड रेल ल्याएको छ भने प्रिन्सटन भ्याली तथा ऊसँग आबद्ध रेल सञ्चालक कम्पनीहरूले कोलकाताबाट १५ वटा र विशाखापट्टनमबाट ३९ वटा गरी कुल ५४ वटा रेल ल्याएको जनाएका छन् ।

यस विषयमा वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपाल प्रतिस्पर्धा हुनु राम्रो हो, तर कन्करले एकाएक रेल उपलब्ध गराउन बन्द गरेको कारण व्यवसायीहरू उसको सेवाबाट असन्तुष्ट थिए । जसले गर्दा व्यवसायीहरूले अन्य विकल्प खोजेका छन् । रेल ल्याउने विषयमा अन्य प्रतिस्पर्धी हुँदा व्यवसायीलाई फाइदा पुग्ने उनले विश्वास व्यक्त गरे ।

यसैगरी, सुक्खा बन्दरगाह सञ्चालन गरिरहेको प्रिन्सटन भ्यालीका अपरेशनल हेड अतुल शर्माले कन्करको रेलले गर्दा आफूहरूको व्यवसायमा कुनै असर नपर्ने र आफ्नो कम्पनीको पनि व्यावसायिक रणनीति आक्रामक रहेको जवाफ दिए ।

### प्रतिस्पर्धी ...

लगानीकर्ताहरूको लागि अनुकूल वातावरण बनाएको छ । गत वर्ष झन्डै आठ अर्ब अमेरिकी डलर एफडिआई इक्विटी प्रवाहसहित एफडिआईमा ८४ अर्ब ८० करोड डलर पुगेको छ । पूर्वाधार विकासलाई तीव्रता दिन ठूलो प्रयास गरिरहेको छ । एयरवेजदेखि रेलवे र रोडवेजसम्म द्रुत विस्तार र स्तरवृद्धिले देशको बृहत् आर्थिक लाभांश बढाउन मदत पुगेको छ ।

प्रतिवेदन अनुसार अर्थतन्त्रको डिजिटलाइजेशन भारी मात्रामा हुँदा अनियमितता रोकिएका छन् भने ढिलासुस्ती नियन्त्रणका संयन्त्र सक्रिय रहँदा व्यापारको वातावरणमा उत्साह थपिएको छ । डिजिटलाइजेशनका प्रयासले लेनदेन ढाँचा बदलिएका छन्, त्यसलाई अनुकरण गर्न खोज्ने देशहरूको सङ्ख्या बढिरहेको छ । डिजिटलाइजेशनले सुदूर देशका व्यक्ति र संस्थाहरूलाई पनि सेवा–सुविधा प्रवाह गर्न प्रोत्साहन मिलेको छ ।

भारतीय अर्थतन्त्रको सुदृढीकरणका निम्ति धेरै राम्रा परिवर्तन भएका, संरचनात्मक सुधार, सहयोगी नीति तथा कानून, सुशासन नै आर्थिक वृद्धिको दिगोपन सुनिश्चित गर्ने मोदीमन्त्रलाई भारतले आत्मसात् गरेकाले नै ठूलो उत्साहका साथ भारतीय बजारमा बहुराष्ट्रिय कम्पनी एप्पल इन्कदेखि गूगलसम्मका व्यापारिक प्रतिष्ठान लगानीका निम्ति आएका भारतीय उद्योग वाणिज्य महासङ्घका अध्यक्ष सुभ्रकान्त पाण्डा बताउँछन् ।

सरकारको दूरदर्शी विचार र प्रभावकारी कार्यान्वयनले भारतलाई उल्लेखनीय आर्थिक वृद्धि हासिल गर्ने बाटोमा अघि बढाएको उल्लेख गर्दै अध्यक्ष पाण्डा सन् २०३२ सम्ममा भारतको प्रतिव्यक्ति आय पाँच हजार दुई सय अमेरिकी डलर पुग्ने अनुमान गरिएको बताउँछन् ।

मोर्गन स्टेनलीले देशमा मुद्रास्फीति 'सौम्य र कम अस्थिर' रहने अनुमान गरेको छ, जसले देशको लागि अवरोधरहित वृद्धि मार्ग प्रशस्त गर्नेछ । भारतको उपभोग बास्केट पनि बढ्दै गएको छ र देश विवेकाधीन खर्चतर्फ द्रुत गतिमा अघि बढिरहेको छ । भारत निकट भविष्यमा विश्वकै सबैभन्दा आकर्षक लगानी गन्तव्य बन्ने विश्व अर्थतन्त्रको उच्च स्थानमा पुग्नेमा उनी ढुक्क छन् । रासस

### निजगढ ...

करोडभन्दा बढी खर्च भइसकेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना बाराले जनाएको छ ।

विमानस्थल निर्माणका लागि मुख्य समस्या वन क्षेत्रभित्रको टाँगियाबस्ती स्थानान्तरण हो । टाँगियाबस्तीको ७३१ बिघा १४ कट्ठा क्षेत्रफलमा १,४७६ घरधुरी र करीब आठ हजार जनसङ्ख्याको वास छ ।

# वीरगंजको मुख्य सडकको फैसला अब भदौ २२ गते हुने

प्रस, वीरगंज, ३१ जेठ/

वीरगंज महानगरको मुख्य सडक विस्तारको मुद्दा सर्वोच्चमा बुधवार महानगरको गण्डकचोकदेखि मितेरीपुलसम्मको मुख्य सडक विस्तारको मुद्दाको सुनवाइ आजसमेत २२औं पटक


तस्वीरः प्रतीक

सुनवाइ हुन सकेन र आगामी सुनवाइ भदौ २२ गतेको लागि सरेको छ।

सर्वोच्चका न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र तिलप्रसाद श्रेष्ठको इजलासमा आज मुद्दाको सुनवाइ मिति तोकिएकोमा मुद्दा हेर्न नभ्याउने गरी सर्वोच्च अदालतले आगामी भदौ २२ गतेको लागि पेशी तोकेको छ । त्रिभुवन राजपथ अन्तर्गत वीरगंज पेशी सरेको हो।

मुख्य सडकका लक्ष्मणप्रसाद रौनियार, राजकुमारीदेवी तुलस्यान, भरतप्रसाद रौनियार, वीरेन्द्रकुमार सङ्घई, विक्रम गुरुङसमेतले सडक विभाग अन्तर्गत सडक डिभिजन कार्यालय, हेटौंडा र व्यापारिक मार्ग विस्तार योजनाले चार वर्षअघि १५ दिने सूचना जारी गरेपछि विभिन्न मितिमा सर्वोच्चमा मुद्दा परेको थियो। वीरगंजको मुख्य सडकमा सडको बीच भागदेखि २५-२५ मिटरभित्र करीब १३ सयजनाको घरजग्गा पर्छ । उनीहरूले विभिन्न चरणमा मुख्य सडक भत्काउने अभियानविरुद्ध आन्दोलन गर्ने, मुद्दा दिनेजस्ता कार्य गर्दै आएका छन्।

वीरगंज महानगरपालिकाका यसअघिका नगरप्रमुख विजयकुमार सरावगीले १५-१५ मिटर सडक विस्तार गर्ने गरी नगरपरिषद्बाट निर्णय गराएका थिए । हालका नगरप्रमुख राजेशमान सिंहले भने सडक विभागले तोकेको मापदण्ड अनुसार २५-२५ मिटर सडक विस्तार हुनेगरी निर्णय गराएका छन्। सडक विभाग र महानगरपालिका मुख्य सडक विस्तारका लागि तयार भएपनि सर्वोच्चमा मुद्दा विचाराधीन भएको कारण यो अभियान अगाडि बढ्न सकेको छैन।

वीरगंजको मुख्य सडक विस्तार गर्ने विषय चार दशकदेखि चल्दै आएको हो। विभिन्न पटक सडक विभागले सूचना जारी गर्ने र त्यसको आधारमा तत्कालीन मन्त्रीहरूले नगरवासीसँग रकम बुझेर सूचना कार्यान्वयन हुन नदिने कार्य गर्दै आएको आरोप छ । गण्डकदेखि पथलैयासम्मको मुख्य सडक छ लेनको विस्तार भइसक्दा वीरगंज महानगरको गण्डकदेखि मितेरीपुलसम्मको क्षेत्र विस्तार हुन सकेको छैन।

मुख्य सडकका बासिन्दाले सडक विस्तार कार्य गैरकानूनी भएको जिकिर गर्दै आएका छन्। वीरगंज शहर स्थापना भएपछि मुख्य सडकको अवधारणा अगाडि आएकोले बिल्डअप एरिया भएको भन्दै यहाँको सडक विस्तार गर्न नमिल्ने भन्दै लामो समयदेखि बहस चल्दै आएको छ।

# छुट्टाछुट्टै दुर्घटनामा दुईजना घाइते

प्रस, परवानीपुर, ३१ जेठ/

बारा, परवानीपुर गाउँपालिका-५ बहुअरीस्थित एलएस न्युरो हस्पिटल अगाडि दुर्घटनामा परी बारा, देवताल गापा-४ पिप्राढी बस्ने २७ वर्षीय राकेश यादव गम्भीर घाइते भएका छन्।

ना.४०प ४३१० नम्बरको मोटरसाइकलमा सवार यादव वीरगंजबाट कलैया गइरहेका बेला विपरीत दिशाबाट आएको प्र.२-०३-००१ च ५०२९ नम्बरको बोलेरोले उनलाई ठक्कर दिंदा दुर्घटना भएको थियो । अपराह्न ३:५० बजे भएको दुर्घटनामा परी यादवको टाउको र खुट्टामा गम्भीर चोट लागेपछि उपचारको लागि एलएस न्युरो हस्पिटलमा भर्ना गरिएको छ । ठक्कर दिने बोलेरो र चालक वीरगंज-१५ बस्ने २३ वर्षीय रूपेश महतोलाई प्रहरीले पक्राउ गरेको इप्रका, नौतनका प्रनि विनोद बोहराले बताए।

तस्वीरः प्रतीक


यसैगरी रक्सौलदेखि पूर्व नकरदेहीचोकमा सवारी दुर्घटना हुँदा एकजना युवक गम्भीर घाइते भएका छन् । घाइते हुनेमा बारा, कलैया उपमहानगरपालिका-१ पिप्राढीका मनोहर गिरी रहेका छन्। उनको रक्सौलस्थित एसआरपिओ अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ । राति ८ बजे नम्बर नखुलेको बसले ठक्कर दिएको थियो । ठक्कर दिने गाडीको खोजी भइरहेको जनाइएको छ।




# खेलकूदको संसार

## कोरा साइकलयात्रा असार ३० मा हुने

हेटौंडा, ३० जेठ/

'कोरा' साइकलयात्रा एक महत्त्वपूर्ण पर्वको रूपमा विश्वभरिका साइकलयात्रीहरूले स्थानीय मठमन्दिरको परिक्रमा गरी मनाइने धार्मिक महोत्सव हो । विगत वर्षझैं यो वर्ष पनि मकवानपुरमा असार ३० गते साइकलयात्रीहरूले कोरा साइकलयात्रा आयोजना गर्ने भएका छन्। कोरा साइकलयात्रामा कम्तीमा दुई सयजना साइकलयात्रीले सहभागिता जनाउने अनुमान आयोजक संस्थाले गरेको छ।

हिमालयन राइडर्स सोसाइटी मकवानपुरले कोरा साइकलयात्रा आयोजना गर्न लागेको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिएका छन्। हेटौंडा कोरा च्यालेन्ज २०२३ मा सहयात्रा गर्न इच्छुक साइकलयात्रीहरूलाई सोसाइटीले आह्वान गरेको छ। यो वर्षको कोरा महोत्सवमा सहभागी हुँदै स्थानीय मठमन्दिरको दर्शन गरी पुण्य प्राप्त गर्न सोसाइटीले आग्रह गरेको हो।

हेटौंडा नगर क्षेत्रमा रहेका धार्मिकस्थलको परिक्रमा गरी यो वर्षको कोरा साइकलयात्रा समापन गरिने आयोजक संस्थाले जनाएको छ।

स्थानीय पर्यटनको विकास, स्वास्थ्य, पर्यावरण बचाउनका लागि साइकल चलाउने बानी विकास गर्न कोरा साइकलयात्रामा सहभागी बन्नका लागि अनलाइन फाराम भर्न र आफ्नो सिट सुनिश्चित गर्न सोसाइटीले आग्रह गरेको छ। यो वर्षको कोरा साइकलयात्रा करीब २१ किमीको हुने सोसाइटीका उपाध्यक्ष राजु थापामगरले जानकारी दिएका छन्।

हुप्रचौरको पशुपतिनाथ मन्दिरबाट शुरू भई कुष्माण्ड सरोवर (त्रिवेणीधाम), जलेश्वर, मुक्तिनाथ, विन्ध्यवासिनी, वनस्खण्डी, दक्षिणकाली, रुद्रेश्वर, भुटनदेवी मन्दिर परिक्रमा गरी कोरा साइकलयात्रा समापन हुने कार्यक्रम रहेको छ।

# उपभोक्ता हित संरक्षण मञ्चद्वारा महानगरलाई ज्ञापनपत्र

प्रस, वीरगंज, ३१ जेठ/

उपभोक्ता हित संरक्षण मञ्च वीरगंज महानगर कमिटीले नीति तथा सुझाव सम्बन्धमा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमलाई ज्ञापनपत्र बुझाएको छ।

बुधवार मञ्चका महानगर अध्यक्ष अजित भुजेल र केन्द्रीय सदस्य धीरज शर्माले उपप्रमुख आलमलाई ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापनपत्रमा वीरगंज महानगरपालिकाले आगामी आवको लागि नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा मञ्चका १६ वटा सुझाव समावेश गर्न अनुरोध गरिएको छ।


तस्वीरः सौजन्य

वीरगंजमा रहेको खाद्य प्रयोगशालामा दक्ष जनशक्ति, साधन स्रोतको व्यवस्थापन गर्नुपर्ने, बजार अनुगमन समिति निर्माण गरी परिचालन गर्नुपर्ने, उपभोक्ताहरूलाई खानेपानी महसूल २० हजार लिटरसम्म निश्शुल्क गर्नुपर्ने, महानगरभित्र मदिरा र सुर्तीजन्य वस्तुको बिक्री वितरणमा प्रतिबन्ध लगाउनुपर्ने, अटो तथा ईरिक्शाको भाडा निर्धारण गर्नुपर्ने, थोक बजारको व्यवस्था हुनुपर्नेलगायतका माग रहेका अध्यक्ष भुजेलले जानकारी गराएका छन्।

# ईश्वर-अल्लासँग पानीको माग


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३१ जेठ/

वीरगंज महानगरपालिका-२ स्थित इदगाहमा नमाज पढेर मुस्लिम समुदायले अल्लाहसँग पानी मागेका छन्।

लामो समयको खडेरीको कारण सबैजना पीडित भएको भन्दै मुस्लिम समुदायले अल्लाहसँग पानी मागेका हुन्।

यसैगरी, पर्साको ठोरी गाउँपालिकामा हिन्दू समुदायले भ्यागुताको बिहे गरेर पानी मागेका छन्। भगवान् इन्द्रलाई खुशी बनाउन धार्मिक परम्परा अनुसार पूजापाठ गरी भ्यागुताको बिहे गराइएको स्थानीयले बताएका छन्।

खडेरीको कारण बाली, चापाकल सुक्दै गएका छन् भने अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त भएको छ।

# भन्सार छलीका सामान नियन्त्रण

प्रस, वीरगंज, ३१ जेठ/

वीरगंज महानगर-१० आदर्शनगरस्थित सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्मले भन्सार छलीको २५ लाख २५ हजार बराबरका विभिन्न सामान नियन्त्रणमा लिई वीरगंज भन्सार बुझाएको छ । भन्सार छली ल्याइएका कपडा, स्मार्ट घडी, एयरपड नियन्त्रणमा लिई वीरगंज भन्सारमा बुझाएको सशस्त्र गुल्मले जनाएको छ।

# डोम समुदायको भेला सम्पन्न

तस्वीरः प्रतीक



प्रस, सिम्रौनगढ, ३१ जेठ/

सिम्रौनगढ नगरपालिका-७ मा नगरस्तरीय डोम भेला तथा सङ्गठन निर्माण कार्यक्रम मङ्गलवार सम्पन्न भएको छ।

डोम समाज कल्याण बाराका अध्यक्ष वीरेन्द्र मलीको अध्यक्षतामा भएको भेलामा वक्ताहरूले डोम समाजमा शिक्षाको कमीका कारण बालविवाह बढेको बताए। वक्ताहरूले डोम समुदायमा मदिरा संस्कृतिका कारण उनीहरूको आर्थिक, सामाजिक अवस्था दयनीय बन्दै गएको बताएका थिए।

कार्यक्रममा डा रामबाबू कुशवाहा, बाराका उपाध्यक्ष अजय मली, डा विजय मली, इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक जीतेन्द्र साह, सञ्चारकर्मी रामेश्वर मेहता, अजय मली, तोखन मलीलगायतले मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन डोम समाज कल्याण, पर्साका अध्यक्ष अनिलकुमार मलीले गरेका थिए।

# महिलाको शङ्कास्पद मृत्यु

प्रस, परवानीपुर, ३१ जेठ/

वीरगंज-२२ जगरनाथपुरमा एकजना महिलाको शङ्कास्पद मृत्यु भएको छ। मृत्यु हुनेमा सोही टोलका वीरेन्द्र ठाकुरकी २१ वर्षीया पत्नी सञ्चिताकुमारी ठाकुर हुन्।


वीरेन्द्र ठाकुरको घर अगाडि भेला भएका स्थानीयवासी। तस्वीरः प्रतीक

बिहान साढे ८ बजे घरको कोठामा पङ्खामा झुन्डिएको अवस्थामा उनको शव बरामद भएको पर्सा प्रहरीले जनाएको छ। पति-पत्नीबीच मनमुटावका कारण सञ्चिताले आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। तर पीडित पक्षले सञ्चिताका पति वीरेन्द्र ठाकुरले परिवारजनसँग मिलेर हत्या गरी झुन्ड्याएको हुन सक्ने दाबी गरेको छ।

सञ्चिताका मामा अनिल ठाकुरले केही दिनदेखि दुवैजनाबीच झगडा हुने गरेको र दुई-चार दिनदेखि सञ्चितालाई माइतीमा कुराकानी गर्न नदिएको बताए। सोही घटनामा सञ्चिताका पति वीरेन्द्र, जेठाजु ललन ठाकुर, जेठानी प्रतिमा देवीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यस विषयमा पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले घटना शङ्कास्पद देखिएको र सञ्चिताको माइती पक्षले जाहेरी दिने र शवको शल्यपरीक्षणको आधारमा अनुसन्धान अगाडि बढाउने बताए। उनले घटनाबारे सोधपूछको लागि तीनजनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको बताएका छन्। सञ्चिताको माइती बारा, प्रसौनी गापा-७ हरपुर बलुवा हो। उनको डेढ वर्षअगाडि सैलुनमा काम गर्ने वीरेन्द्रसँग धार्मिक रीति अनुसार विवाह भएको थियो।